JIKaP

Journal of Indigenous Knowledge and Practice

2025, Vol. 1, No. 1, pp. 142-176

Article History: Received: 29 November 2024; Reviewed: 15 March 2025; Revised: 24 April 2025; Accepted: 15 May 2025

किरात राई जातिको मौलिक लोकगीति संस्कृतिः एक अध्ययन

Dilendra Kumar Rai*

Grammar College and School, Koteshowr, Nepal

सार

आदिवासी किरात राई जातिको मौलिक लोकगीति संस्कृतिको खोज, अध्ययन साथै तिनीहरूको भाषिक र सांस्कृतिक महत्त्वको उजागर गर्नु नै यो अनुसन्धान कार्यको मूल उद्देश्य रहेको थियो । यो अध्ययन विषयगत प्रकृतिको भएकोले गुणात्मक विधिको प्रयोग गर्दै प्राप्त विषयवस्तुहरूलाई रैथाने सामाजिक सन्दर्भमा विभिन्न कोणहरूबाट विश्लेषण, अर्थपूर्ण व्याख्या, सार निर्माण र निष्कर्ष निकालिएको छ । स्थलगत खोज, व्यक्तिगत कुराकानी, पत्रपत्रिका, पुस्तक र लेख रचनाहरू अध्ययन स्रोतहरूको रूपमा रहेका छन् । प्रदर्शनकारी लोकगीति संस्कृतिमा लैबरी, हियारी, मुन्दुम, रिसिया, होप्माछाम, साकेला, हाक्पारे, वाढाङ्नी, छवाकछाम, माङछाम, माङसेवा भजन, ए हो बालै, गोठाले दाइ, गोठाले जस्ता भाषिक र सांस्कृतिक महत्त्व बोकेका लोपोन्मुख लोकभाकाहरू अध्ययनमा देखिन्छन् भने रैथाने माटो, प्रकृति, ऋतु, खेतिपाती, लोकगीति साहित्य, चाडपर्व र शुभकार्यका गीतहरू साथै उनीहरूको यथार्थ जीवन जीवनशैली प्रतिविम्बित भएको पाइएको छ । भाषिक, सांस्कृतिक विशेष महत्त्व बोक्नुका साथै राष्ट्रिय धरोहरको रूपमा लोकगीति संस्कृति रहेकोले प्रत्येक जातीय समुदायको पहिचान साथै राष्ट्रिय सम्पदा भएको हुनाले बौद्धिक तथा पुञ्जिकृत सम्पत्तिका रूपमा संरक्षण र सम्बर्धन गर्न सरोकारवालाहरू लगायत राज्यका सबै तहहरू संवेदनशील बन्न आवश्यक रहेको निष्कर्ष छ ।

शब्दकुञ्जी : मुन्दुम, रिसिया, रैथाने, आदिवासी, पुनर्जागरण

Abstract (English)

The main objective of the study was to search and find the Indigenous Kirat Rai Community's folk songs, performance tradition, their language and cultural values. The qualitative research method based on subjectivism of multiple realities and interpretative inquiry in the context of the local

*Author’s email: raidilendra97@gmail.com

ISSN: 3102-0216

community has been applied in the study. Field visit, personal communication, books, papers and journals were the resources. Laibari, Hiyari, Mudum, Risiya, Hopmachham, Sakela, Hakpare, Wadhangmi, Chhawakchham, Mangsewa Bhajan, A Ho Balai, Gothale songs were found almost extinct which are closely related to language and cultural values in their community. Mundum, language, culture, professions, folk literature, local soil, land, nature, cultural assets and real reflection of their life style were found in their original folk song performance tradition. Therefore, their valuable culture "Folk Song Performance Customs" should be preserved as national cultural heritage, intellectual property and identity.

परिचय

हजारौं वर्षको इतिहासमा मानिसहरूले आफ्नो रहनसहन, व्यवहार र अनुभवबाट आर्जन गरेको मानवीय संस्कृति मानव सभ्यताको मूल्यवान् सम्पदा हो । युनेस्को (१९८९) का अनुसार लोकवार्ता (folk lore)मा कुनै एक मानव समुदायको परम्परागत लोकप्रिय सामाजिक र सांस्कृतिक पहिचानको मानक र मूल्यहरूको अभिव्यक्ति मौखिक, अनुकरण र व्यवहारिक रूपमा भाषा, साहित्य, सङ्गीत, नृत्य, खेल, मिथक, अनुष्ठान, चालचलन, हस्तकला, वास्तुकला र अन्य कलाहरूद्वारा प्रस्तुत गरिन्छ (बन्धु, २०७२) । लोकवार्ता भन्नाले लोकसँग गाँसिएर या सम्बन्धित भएर आउने विभिन्न जातजातिका धर्म, संस्कृति एवं परम्पराको समग्र भावलाई बुझिन्छ । यहाँका विभिन्न रैथाने भूगोल र भूमिमा बसोबास गर्ने विभिन्न आदिवासी जनजातिहरू साथै जातजातिको आफ्नै लोकसंस्कृति र लोकपरम्परा छ । यसैभित्र सबै जातजाति या सम्प्रदायका मानिसहरूको आफ्नो छुट्टै मौलिक पहिचान छ (प्रज्ञा लोकवार्ता विवेचना, २०७५, प्रकाशकीय) । लोकगीत, लोकगाथा, लोककविता, लोककाव्य, गाउँखाने कथा, लोकनाटक, उखान र टुक्काको समष्टिलाई समग्रमा लोकसाहित्य भनिन्छ । राष्ट्र वा समुदायको कला, साहित्य, इतिहास, धर्म, दर्शन, शिक्षा आदि सबै कुरालाई संस्कृति भन्न सकिन्छ (लामिछाने, २०७७) । लोकगीति संस्कृति पनि लोकसाहित्य र संस्कृतिको प्रमुख विधा र महत्त्वपूर्ण पाटोको रूपमा रहेको देखिन्छ । नेपाली लोकभाकाहरूको अध्ययन भन्नु नै

आदिवासी जनजाति तथा जातजातिहरूको लोक साहित्यभित्र रहेको गीति साहित्य, भाषा र संस्कृतिको अध्ययन गर्नु पनि हो ।

ज्ञानको पद्धतिको रूपमा रहेको लोकसाहित्य र लोकगायनलाई राष्ट्रिय पहिचानको रूपमा लिनुपर्ने र यिनलाई मनोरञ्जन भन्दा पनि बौद्धिक तथा पूँजिकृत सम्पत्तिको रूपमा संरक्षण तथा संवर्धन गरिनु पर्दछ (श्रेष्ठ, २०७३) । लोकगीत नेपाली सङ्गीतको आदिम रूप हो (गीतकार, २०७६) । 'लोकसंस्कृति जातीय समुदायको आफ्नै मौलिक जीवनशैली हो,' किरात लोहरुङ राई चिनारी कृति विमोचन कार्यक्रममा लोकगीतको महत्त्वलाई संस्कृतिविद् सत्यमोहन **जोशी** (२०७४/०४/२७) **ले** आफ्नो मन्तब्य राख्दै यसरी प्रष्टयाउँदछन् । त्यसैले लोकगीत राष्ट्रिय लोक संस्कृतिको मुटु हो ।

लोक भन्नु नै जनता हुन् । जनता भन्नु नै जनसमुदाय हो । जन समुदाय भन्नु नै विशेष भौगोलिक क्षेत्रमा बस्ने विशेष जातीय समुदाय हो जसको आफ्नै रैथाने मौलिक परम्परागत विशिष्ट संस्कृति रहेको हुन्छ । उनीहरूको जीवनको उकालीओरालीबाट प्राप्त तितामिठा अनुभवहरूलाई नै लोकगीतका सिर्जनशील हिमायतीहरूले कथी/सृजना गरी लयबद्व बनाएर वन-पाखा, लेक-बेसीं, मेला-पर्व, चौतारी अनि भञ्ज्याङहरूमा कर्णप्रिय स्वरमा घन्काएका पाउँछौं । वास्तवमा त्यो नै लोकगीत हो जहाँ रैथान आदिवासी, भेग र गाउँ-बस्तीहरूको यथार्थ जीवन फुलिरहेको, हाँसिरहेको अनि बोलिरहेको पाउँछौं (राई, २०६०, भूमिका) । कुनै विशेष समय, स्थान र परिस्थितिजन्य वातावरणमा सिर्जनशील स्रष्टाहरूको मनमा स्वतः उत्पन्न भएको/गरिएको वा सिर्जना हुने गरेको विषयवस्तु या गीतको पहिलो सिर्जना नै मौलिक सिर्जना हो । यो गीति संस्कृति नै जनसमुदायको जातीय मौलिक सांस्कृतिक पहिचान बन्न गयो कालान्तरमा ।

पश्चिमेली विद्वान्हरूले पुनर्जागरणको अभियानमा पुरानो मानव सभ्यता, संस्कृति र दार्शनिक पक्षको खोजी नवौंदेखि बाह्रौं शताब्दीसम्म गरे । उनीहरूले प्राचीन सभ्यता, साहित्य, कला, संस्कृतिको खोजी, संरक्षण र प्रवर्धन गरे (दोदुम, २०६८ मा Sharma, 2058 BS, p. 335-337) । मध्ययुगपछिको पुनर्जागरणले विश्वमा नै नयाँ चिन्तनको लहर ल्यायो । बन्धु (२०७२) अनुसार युरोपेली देशहरूमा लोकप्रिय पुरावशेषका नाममा परम्परागत गीत, कविता, गाथा र कथाका साथै विश्वास र मान्यताहरूको खोजी गर्ने चलन चल्यो । नेपालमा पनि

२०४६ सालको जनआन्दोलन पछि आदिवासी जनजातिहरूको प्राचीन सभ्यता संस्कृतिको खोजी गर्दै राज्यसत्तासँग सधैं सङ्घर्षरत बन्दै आउनुपर्‍यो ।

आदिवासी जनजाति तथा अन्य जातजातिहरूको मौलिक संस्कृति र पहिचानलाई हिन्दु एकात्मक राज्य प्रणाली, राजा र राणाहरूको जहानिया निरङ्कुश शासनले पाखा लगाइ नै रह्यो । त्यसैको परिणामस्वरुप २०३६, २०४६, २०६२-०६३ को जनआन्दोलन र २०५२-०६२ को माओवादी विद्रोहबाट विभिन्न वर्ग, क्षेत्र, लिङ्ग, जाति, धर्म, र संस्कृतिको विभेदको विरुद्ध विद्रोह भयो । नेपालमा पनि सांस्कृतिक पुनर्जागरणको अभियानसँगै विभिन्न आदिवासी जनजाति तथा पिछडिएका अन्य जातजातिहरूको प्राचीन मानवीय सभ्यता र मूल्यहरूको खोजी कार्य गर्न जरुरी हुन थाल्यो (राई, २०७०) ।

कोसी प्रदेश नेपालको सबैभन्दा पूर्वमा रहेको प्रदेश हो । विगतमा यो क्षेत्र आदिवासी किराती भूमिको रूपमा रहेको इतिहासमा देखिन्छ । ओल्लो किरात (सुनुवार), माझ किरात (राई), र पल्लो किरात (लिम्बु), जातिको बसोबास रहेको इतिहास छ । २०७२ असोज ३ मा नयाँ संविधान जारी भए पछि वर्तमान सङ्घीय संरचना अनुसार यो प्रदेशमा ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, घनकुटा, तेह्रथुम, सङ्खुवासभा, भोजपुर, खोटाङ, उदयपुर, ओलखढुङ्गा र सोलुखुम्वु गरी जम्मा १४ जिल्लाहरू रहेका छन् ।

तामाङ (पौष, २०६८) अनुसार आफ्नै छुट्टै मातृभाषा, परम्परागत सामाजिक संरचना, प्रचलन, अलग्गै सांस्कृतिक पहिचान र लिखित एवं अलिखित इतिहास भएका व्यक्ति एवं समुदायहरू आदिवासी जनजाति र जात जातिमा बाहुन, क्षेत्री, मधेसी, दलित रहेको देखिन्छ । नेपालको आदिवासीहरूमध्ये किरात राई समुदाय आफ्नै छुट्टै मातृभाषा, सामाजिक संरचना, सांस्कृतिक पहिचान र लिखित एवं अलिखित इतिहास सहित मूलवासीको रूपमा आदिकालदेखि माझ किरातमा बसोबास गर्दै आएको देखिन्छ । हाल नेपाल, भुटान, सिक्किम, दार्जिलिङ, हङकङ, बेलायत, अमेरिका लगायत विभिन्न अन्य देशहरूमा छरिएर रहँदै आएको पाइन्छ । विविध राई भाषीहरूमा तिलुङ, बान्तावा,वाम्बुले, चाम्लिङ, बुङ्लावा, लोहोरूङ, कोयी/कोयु, पुमा, साम्पाङ, आठपहरे, कुलुङ, खालिङ, जेरो/जेरङ, थुलुङ, दुङ्माली, दुमी, नाछिरिङ, बायुङ/बाहिङ, याम्फु, मेवाहाङ, लुङखिम, फाङदुवाली, मुगाली रहेका छन् (राई, २०७५/२०१८) ।

आदिवासी जनजातिहरूको भाषा, धर्म, संस्कृतिको संरक्षण सम्बर्द्धनमा लोकगीति संस्कृतिको अमूल्य योगदान रहेकाले यसलाई राष्ट्रिय पहिचान र सम्पदाको रूपमा लिनु पर्ने देखिन्छ । तसर्थ नेपालको कोसी प्रदेशको आदिवासी किरात राई समुदायको लोप हुन लागेका रैथाने मौलिक लोकगीति संस्कृतिको खोज तथा अनुसन्धान गर्ने कार्यलाई पूर्णता दिन यो अध्ययन कार्य सम्पन्न गरिएको छ ।

लामा (पौष, २०६८) ले राष्ट्रिय योजना आयोग (२०६४/६५-२०६६/६७) मा राष्ट्रिय सांस्कृतिक नीतिको विकास गरी राष्ट्रकै धरोहरको रूपमा रहेका आदिवासी, जनजातिहरूको भाषा, धर्म, संस्कृतिको संरक्षण सम्बर्द्धन गरिने कुरा उल्लेख गरेका छन् । तर, आदिवासी किरात राई समुदायको लोप हुन लागेका रैथाने मौलिक लोकगीति संस्कृतिको खोज, अनुसन्धान, सङ्कलन, पहिचान, अध्ययन, संरक्षण र संबर्धन गर्ने कार्य पूर्ण तथा समग्र रूपमा हुन अझै बाँकी नै रहेको विगत अध्ययनले देखाउँदछ । तसर्थ, आदिवासी किरात राई समुदायको लोप हुन लागेको साथै पूर्व अनुसन्धानमा नसमेटिएका रैथाने मौलिक लोकगीति संस्कृतिको खोजलाई पूर्णता दिनु पर्ने यस अध्ययन कार्यको समस्याको रूपमा प्रस्तुत गरिएको छ ।

राष्ट्रिय योजना आयोग (२०६४/६५-२०६६/६७) अनुसार लोपोन्मुख आदिवासी जनजातिका भाषा, संस्कृतिहरूको संरक्षण, सम्बर्धन र सचेतनाका निम्ति अध्ययन अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गर्ने उद्देश्य रहेको देखिन्छ (लामा, २०६८) । तसर्थ, जनताको मौलिक लोकगीति संस्कृति पनि राष्ट्रिय संस्कृतिको अमूल्य सम्पत्ति, धरोहर साथै पहिचान भएकोले किरात राई समुदायको मौलिक लोकभाकाहरूलाई थप प्रबर्धन र सम्बर्धनमा पूर्णता दिन योगदान पुऱ्याउने औचित्य रहेको छ । आदिवासी किरात राई समुदायको प्रचलनमा रहेको तथा प्रचलनबाट हराउन लागेका मूल्यवान् मौलिक लोकगीति संस्कृतिको खोज, नमुना सङ्कलन, प्रकाशन, संरक्षण, प्रबर्धन साथै भाषिक र सांस्कृतिक महत्त्वहरूको उजागर गर्ने अध्ययनको उद्देश्य रहेको छ भने उनीहरूको समुदायमा प्रचलित मौलिक लोकभाकाहरूको नमुना, भाषिक र सांस्कृतिक महत्त्वहरू के कस्ता रहेका छन् भन्ने यस अनुसन्धानको लागि प्रश्नहरू रहेका छन् ।

अध्ययन विधि

यो अध्ययन विषयगत प्रकृतिको भएकोले गुणात्मक अध्ययन विधि साथै प्राप्त विषयवस्तुहरूलाई आदिवासी किरात राईजातिको लोकगीति संस्कृतिको विशेषता, भाषिक र सांस्कृतिक महत्त्वको अध्ययनलाई सामाजिक सन्दर्भमा व्याख्यात्मक सैद्धान्तिक दृष्टिकोणको प्रयोग गर्दै व्याख्या, विश्लेषण, अर्थपान, प्रस्तुति गरिनुका साथै निष्कर्ष निकालिएको छ । बन्धु (२०७२) अनुसार लोकसाहित्य अध्ययन विधिमा ऐतिहासिक, भौगोलिक, मार्क्सवादी, मनोविश्लेषणात्मक छन् भने काव्य शास्त्रीय पद्धतिले लोकसाहित्यलाई परम्परागत सांस्कृतिक रूप र सिर्जनात्मक साहित्यको रूपमा र सन्दर्भवादी (Contextual folkloritics) उल्लेख गरेको देखिन्छ । लोक साहित्य भाषामा आधारित कला हो भने त्यसको प्रस्तुति कुन सन्दर्भ, वातावरण र परिस्थितिमा के कसरी, कसबाट कहाँ सम्पादन हुन्छ भन्ने कुरा हो भन्दै सन्दर्भवादीरूले भाषिक उपागमको आधारमा लोक साहित्यको अध्ययन गरेका छन् (लामिछाने, २०७७) । नेपाली लोकगीति साहित्य पनि नेपाली लोकसाहित्यको अङ्ग भएकोले किरात राई जातिको लोकगीति साहित्यको अध्ययन पनि सामाजिक सन्दर्भवादी अध्ययन शैलीको प्रयोग नै उपयुक्त हुने देखिन्छ ।

विषयगत अध्ययनले एउटै तथ्यलाई मात्र सत्य नमान्ने हुनाले एउटै वस्तु वा विषयलाई विभिन्न कोणबाट हेरिएको छ । कसरी समाजलाई मानिसहरुले बुझ्ने र अध्ययन गर्ने गर्दछ यो नै अनुसन्धान कर्ताले खोज या अध्ययन गर्दछ (Denzin & Lincoln, 2005, as cited in Rai, 2012)। सूचनादाताहरूको बुझाइलाई अर्थपूर्ण व्याख्यामा धेरै भर पर्दछ । स्थलगत खोज, सङ्कलन तथा व्यक्तिगत कुराकानी यस अध्ययनको प्राथमिक तथ्याङ्क स्रोतको रूपमा रहेका छन् । पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, लेख, रचना आदि अध्ययनको सहायक स्रोतको रूपमा उपयोग गरिएका छन् । अध्ययनमा मेरो आफ्नो रुचि, विगत अनुभव र अध्ययनकार्य पनि अनुसन्धान कार्यका लागि स्रोत आधारहरू बनेका छन् । तथ्याङ्कको अध्ययन क्षेत्र र नमुना छनौट, अध्ययन स्रोत, स्थलगत भ्रमण, खोज तथा सङ्कलन, तथ्याङ्क विश्लेषण, सिमाक्षेत्र जस्ता प्रक्रियालाई अनुसन्धान कार्यशैलीको मार्गचित्र बनाइको छ ।

आदिवासी किरात समुदायको मौलिक लोकगीति संस्कृतिसँग सम्बन्धित उपलब्ध अध्ययन सामाग्रीहरू अध्ययनको सैद्धान्तिक सिमाक्षेत्र साथै कोसी प्रदेशको सेरोफेरोलाई

अध्ययनको खोज तथा सङ्कलनमा प्राथमिकता दिइए तापनि आफ्नो समय, परिस्थिति, अनुकूलता, रुचि साथै आर्थिक स्थिति अनुसारको अनुसन्धान परीसिमा निर्धारण गरिएको छ ।

पूर्वसाहित्य अध्ययन र समीक्षा

पूर्वकार्य समीक्षा भनेको कुनै अनुसन्धानसँग विगतमा गरिएको अनुसन्धान वा खोजमूलक कार्यहरू, तिनीहरूका परिणामहरू, नियम वा सिद्धान्तहरू तथा नीतिगत विषयहरूको समालोचनात्मक अध्ययन हो । अनुसन्धानको विषय सम्बन्धि मुख्य समस्या, विगतको पृष्ठभूमि तथा छुटेका विषयहरूबारे जानकारी लिन पूर्वसाहित्य अध्ययन कार्य जरुरी हुन्छ (खड्का, २०७७) ।

नेपाली लोकसंस्कृति अध्ययनको सङ्क्षिप्त समीक्षा

नेपालको लोकसंस्कृतिको अध्ययनमा जोशी (२०१४), *हाम्रो लोकसंस्कृति,* कन्दङ्वा (२०२०), *नेपाली जनसाहित्य,* दिवस (२०३२), *नेपाली बिहाः उक समाजशास्त्रीय दृष्टिकोण,* नेपाली लोकसंस्कृति सङ्गोष्ठी आदिहरूबाट नेपाली लोकसंस्कृतिको महत्त्वको बारेमा अध्ययन भएको देखिन्छ (आचार्य, २०६२) । लोक गीति संस्कृतिको अध्ययन आर. डी. र एल. एल. (२०३८), *नेपालका विभिन्न जाति र लोकगीत* साथै दर्नाल (२०४५), *नेपाली सङ्गीत-संस्कृति* लगायत अन्य व्यक्तिहरूद्वारा पनि नेपाली लोकगीति संस्कृतिको विगतदेखि नै अध्ययन हुँदै आएको आचार्य (२०६२) को अध्ययनले देखाउँछ ।

आचार्य (२०६२), *लोकगीतको विश्लेषण,* पुस्तक अनुसार पश्चिम र सूदुर पश्चिमको तुलनामा पूर्वी नेपाल प्रदेश न. १ को मौलिक लोकभाकाहरूको खोज, अनुसन्धान र सङ्कलन र विश्लेषण भने अलि कमै भएको जस्तो देखिन्छ । तथापि २०४६ पछि पूर्वको लोकसंस्कृतिको बारेमा केही अध्ययन अनुसन्धान, खोज, सङ्कलन, रेकर्ड र प्रकाशन पनि गरेको पाइन्छ । के.सी. (२०५३), *लोकसङ्गीतका थुङ्गाहरूमा* पूर्व मेची कोसीको केही लोकभाकाहरू *हाक्पारे, पालाम, मादले, मारुनी, तिज, खाँडो, बरादो, देउसी, भैली, सेलो, सोरठी* आदिको सङ्क्षिप्त चर्चा के.सी.ले गरेका छन् । पौड्याल (२०७६) अनुसार नेपाली सङ्गीतको मूल भँगालोमा लोकगीतको आफ्नै विशिष्ट र महत्वपूर्ण उपस्थिति छ ।

राई जातिको लोकगीति संस्कृतिको विगत अध्ययन

किरात राई जातिको लोकगीति संस्कृतिमा खामलुङ (२०४५), *साकेन्वा लाकछाम भुङ,* राई (२०५३), *किरात राई जातिको परम्परागत गीत,* राई (२०५७), *बाम्बुले राईका खाइमी*

(साकेला सिली) साथै *राम्दाले* भाकाको पनि खोज र सङ्कलन गरिएको देखिन्छ । राई (२०६०), *वररोपी छाया* र *(२०६४), बिनायो बजाँउदै* गीति एलवमहरूमा *हियारी, लैबरी र माया* भाकाहरूको खोज, सङ्कलन, रेकर्ड साथै श्रव्यदृश्य समेत निर्माण गरी संरक्षण गर्ने कार्य समेत भएको देखिन्छ । हियारीको पहिलो मौलिक छायाङ्कन २०६४ मा गरिएको एक भर पर्दो आधार र सन्दर्भ श्रोतको रूपमा रहेको देखिन्छ । तिम्सिना (२०६२), *हियारी र लैबरी जोगाउँदै,* राई (२०६३ भदौ), (२०६३ सावन-पुस), *लोकसंस्कृति,* (२०६८), *दोदुम* (२०७०), *निप्सुङ* (२०६८) र *राजधानी दैनिक* (१५/०१/०७५), जस्ता पत्रपत्रिकाहरूमा किरात जातिको मौलिक लोकगीति संस्कृतिको बारेमा खोजमूलक लेखहरू प्रकाशन गरिएको देखिन्छ । हतुवाली (२०६४), *साकेन्वा* र (२०६५), राई (२०६६) मा पनि साकेन्वा, लहरे र हियारी, हाकपारे र रिसियाको बारेमा खोजमूलक सामग्रीहरू पाइएका छन् ।

राई (२०५३), राई (२०५७), राई (२०६०, *२०६४* र२०६३), राई र राई (२०६८), राई (२०७१), राई (२०७४) द्वारा पनि किरात राई समुदायमा लोपोन्मुख लोकगीति संस्कृतिको अध्ययन भएको पाइएको छ । किरात (२०५३), राई (२०५५), राई (२०५६), राई (२०७१), राई (२०७०), राई (२०६६), राई (२०६७), राई (२०११), ठूले (२०७०), पुमा (२०७२), राई (२०७३), राई (२०७४) हरूद्वारा पनि किरात राई समुदायको मुन्दुमी रिसिया गीति संस्कृतिको बारेमा अध्ययन गरिएको पूर्वसाहित्य अध्ययनले देखाउँछ । राई, भक्त (२०७१), *किराती-साङपाङ पहिचानमा* लोकगीतको भूमिकामा रिसीया *मुन्दुम, साकेला, होप्माछाम, हाकपारे, हियारी* आदि किराती-साङपाङ राई जातिमा प्रचलित गीतहरूको बारेमा केही मात्रामा भए पनि खोज र अध्ययन गरेको पाइएको छ । राई (२०७१), राई (२०७१), राई (२०७४), राई (२०७३), राई (२०७२), राई (२०७२ असार ५), पुमा (२०७२), राई (२०७३), राई (सम्पा.) (२०७४), राई (सम्पा.) (२०७५/०७६) साथै अन्य व्यक्तिहरूद्वारा पनि किरात राई संस्कार र संस्कृति सम्बन्धि रिसियाका नमुनाहरू सङ्कलन, लेखन र प्रकाशन भएको पाइएका छन् । वाढाङ्मी गीतको खोज र सङ्कलन गर्ने पहिलो कार्य किरात राई सांस्कृतिक कलाकार सङ्घद्वारा सम्पन्न गरिएको खोटाङ निवासी संस्कृतिकर्मीहरू सङ्घका उपाध्यक्ष जनक राई र महासचिव राजु राई (०१/०५/२०७३) ले बताएका छन् । वाढाङ्मी गीतको स्थलगत खोज र सङ्कलनबाट प्राप्त तथ्याङ्क र श्रव्यदृश्य रेकर्डहरू पनि यो अध्येतालाई उपलब्ध गराइएको थियो ।

किरात राई जातिको मुन्दुमी रिसिया सम्बन्धी किरात (२०५३), *किराबामु कर्म-विधिको मन्त्र,* राई (२०५५), *दोवाङदुम साम्कालिङ;* राई (२०५६), *किरात राई वान्तावा रिदुम् मुन्दुम्* जस्ता अघिल्ला प्रकाशित कृतिहरूमा समेटिएको महत्त्वपूर्ण रिसियाका श्रोतहरू पाइएका छन् । मुकारुङ (२०६१), *किरात संस्कार,* राई (२०६२), *रिदुम् मुन्दुम्* (दोस्रो संस्करण), राई (२०६६/०६/०१), राई (२०६७), *किरात राई जातिको रीतिविजमा* पनि रिसियाहरू बारे अध्ययन गरिएको देखिन्छ । राई (२०११), ठूले (२०७०), राई (२०७०), चाम्लिङ (सम्पा.) (२०७१), *मुन्दुम्, सृष्टि* भाग १ आदिमा पनि राई मुन्दुमी रिसियाहरूको खोज, सङ्कलन साथै अध्ययन गरिएको पाइएको छ ।

किरात राई जातिको रिसिया र मुन्दुमी गीत लगायत अन्य लोक गीतसङ्गीत सम्बन्धी केही खोज, सङ्कलन र अध्ययन पाइए तापनि एकिकृत र पूर्ण रूपमा समेटिएको देखिँदैन । तसर्थ, यो खोज, सङ्कलन र अध्ययन कार्यले विगत अध्ययनले नसमेटिएका राई जातिहरूका मौलिक लोकगीति संस्कृतिलाई पूर्णता दिन, थप उजागर गर्दै अरू नयाँ दृष्टिकोणहरू पनि प्रदान गर्ने नै छ ।

नतिजा प्रस्तुति

पौड्याल (२०७६) अनुसार किरात सभ्यतासँग निकटस्थ रहेको पूर्वको लोक सङ्गीतमा पालाम, हाक्पारे, मारुनी, मुन्दुम सङ्गीत आदि भाका तथा स्वतन्त्र रूपमा विकसित सँगिनी जस्ता भाका पूर्वका देन हुन् । कोसी प्रदेशको सेरोफेरोमा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये प्राचीन आदिवासी किरात जातिहरू आफ्नो मौलिक संस्कृतिको खोजीमा अगाडि बढिरहेको पूर्वसाहित्यले देखाउँछ । यो समुदाय पनि आफ्नै रैथाने मौलिक कला, संस्कृति, भाषा, ज्ञान, सिप र प्रविधिले भरिपूर्ण देखिन्छन् ।

राई जातिको मौलिक लोकगीत सङ्गीतको सन्दर्भ उठाउँदा प्राचीनकालदेखि चल्दै आएको *लैबरी, हियारी (आयानी), साकेला/साख्खेवा छ्याम, वाढाङ्मी, रिसिया, होप्मा छ्याम, हाक्पारे, गोठाले* आदि सामाजिक समय सन्दर्भमा गाइने लोकगीति संस्कृतिलाई सङ्क्षिप्त रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

लैबरी

यो मौलिक, ठेट र विशिष्ट आफ्नो पहिचान भएको किरात राई जातिमा प्रचलित अति पुरानो किरात सभ्यताको विकास क्रमसँग गाँसिएको भाका हो । लोकगीति संस्कृतिको खोजी

र सङ्कलन कार्यको आधार र स्रोतमा आमा छविरत्न नामराङमा राई, स्थानीय लोक स्रष्टाहरू, बाजे, बोजु, काका, दाजु, भाउजू, छिमेकी, सरसमाज र मेरो आफ्नो चासो पनि रहेको थियो । विशेष गाउँ, बस्ती, हाटबजार, मेला, पर्व, बिहे, भोज, दशै, तिहार, अन्य चाडबाड, गोठाला, खेताला, दाउरा, घाँस, गाउँले जनजीवनमा गाइने मायाप्रेम, विरह, वेदना, हाँसखेल, ठट्टा, वरव्यबहार, प्रकृति आदिको बारे गाइने लैबरी गीति परम्पराको रूपमा रहेको देखिन्छ ।

राई जातिको मौलिक लोकभाकाहरूको खोज र अध्ययनको उद्देश्य पूरा गर्न २०५७ साल असोज २६ गते **रैथाने प्रसिद्ध लोकगायक लालवीर राईलाई** भेट्न चमैता, इलाम पुगें । लोकगीत सम्बन्धी खोज तलास र जानकारी लिने निकै वर्ष अगाडिदेखिको चाहना पूरा भयो । दिनको दुई बजेदेखि भोलिपल्ट दुई बजेसम्म लोकगीतको बारेमा भन्ने, गाउने र सबै गीतहरूको रेकर्ड गर्ने काम भयो । दौरा सुरुवाल, कोट, टोपी, कम्मरमा पटुकी लगाए राति नै अनि दुबै हातमा काँसको थाल, कोथी मोहोडा खुकुरी भिरेर मारूनी गीत गाउँदै नाचे लालवीरले । पूर्वको प्रसिद्ध धार्मिक स्थल गजुरमुखी धाम, कार्तिके पूर्णिमाको मेला बजार सिरानमा मादल बजाएर गीत रन्काएको अहिले पनि मेरो कानमा गुञ्जिरहेको छ । फोटो पनि लिन पर्ने सबै लिएँ । लोकस्रष्टा लालवीर र कान्छी श्रीमती रनिमाया पुर्वछाने मगरनीले लैबरी भाका मायागीत यसरी रन्काए,

लालवीरः *आज र मैले दुधै है खाएँ माली र गाईको*
एकै र चरण गीत है सुन म लाल वीर राईको

श्रीमतीः *चाँप है फूल्यो गुराँस फुल्यो माझमा केसरी*
कहाँको तिमी कहाँको हामी भेट भयो यसरी ।

लालवीर भालेपोथि दुवै स्वरका धनी । महिलाकै स्वरमा साथ दिन्थे कान्छी श्रीमतीलाई । साँच्चि नै त्यो भेट अति नै सुखद र अर्थपूर्ण भयो हाम्रो लागि ।

चमैताबाट फर्किएको दुई दिन पछि बाँजोगरा, आरुबोटे, पाँचथर मावली गाउँ तर्फ हिँडे, मेरी देमा (ठुलीआमा) आमाकी जेठीदिदी मनरत्न नामराङमा र मामा जंगराम बाहिङ राई, आमाको भाइसँग भेट्न । देमा त्यो भेगको, वारिपारि लालवीर राई जस्तै नाम चलेको रैथाने लोकस्रष्टा हुनुहुन्थ्यो । उमेर त्यस बखत ८४ बर्षको । मेरो मनसाया बताएँ । देमाले तत्कालै लैबरी सकिनसकी गाउनु भयो,

जुत्तालाइ भिज्यो मोजालाई भिज्यो
फालेलुङ सितैले
आमा र छोरा भेटै र भयौं
दैव र संजोगले ।

मावली दाइ नरेशको छोरा जेठाको बिहे बाँजोगरा, पाँचथरमा २०५७ साल फागुनमा भयो । घरभित्र हियारी र लैबरी जम्यो । जंगराम मामा, नरेश दाइ, म र अरु बुढापाकाहरू जुट्यौं । अचानक ***धगोको लरी हाउ कठै बरी*** तुक्का जोडेर नरेश दाइले लैबरी गाए, यो मेरो लैबरी भाकाको लागि चाँदीको टुक्रा भयो, ***'वर रोपी छाया'*** गीतको बोलको स्थायी तुक्का/थेगो बन्यो र रह्यो । फुएतप्पा, आङ्चेरे कुँडारमा २०५७ साल फागुनमा माईला बाङा (काका)को नाति बिजुलेको बिहेमा बेहुली घरमा भित्राएपछि बेलुकी पख आगनमा मनोरञ्जन गर्ने माहोल बन्यो । बिहान सोधखोज गरेँ । लुम्दे-४ बस्ने लैबरी गायक फासबहादुर बिक रहेछन् । पछि भेट्ने मनमनै योजना बनाएँ । २०६१ साल वैशाख २५ गते भाञ्जा प्रकाश, कान्छी बैनीको छोरा कान्छाको विहेको निम्तोमा लुम्दे गाउँ, इलाममा फासबहादुर बिकलाई पनि निम्तोमा भेट्ने कुरा मिलाएको थिएँ । साँझपख घरको तल्लो पट्टी ढिकी नजिकै सिकुवामा/पिढीँमा लैबरी भाका जुवारी चल्यो । ९० मिनेटको क्यासेट भरि रेकर्ड गरेँ । मेरो मनको लामो इरादा पूरा गरेँ ।

विशेष गरेर २०५७-२०६४ सालसम्म पूर्वको विभिन्न गाउँठाउँहरूमा स्थलगत भ्रमण गरी लोकगीतहरूको खोज र सङ्कलन गर्न सफल भएँको हुँ । राई, दिलेन्द्र (२०६०) को *वर रोपी छाया* गीति एल्वम) मा समेटिएको वर रोपी छाया शीर्ष गीत पनि लैबरी भाका नै हो । आमा छवि रत्नसँग *बिरहनी, हियारी, लैबरी, हाक्पारे, बस है माया बस* आदि समय समयमा रेकर्ड गर्दै आइरहेको रहेको थिएँ ।

२०६३ साल दशैँमा भाउजू विष्णुकुमारी ताम्ला राई, जगत दाइको जीवन साथीसँगको भेटमा कोप्चे गाउँको खर्बनी पाखामा चैतबैशाखको समयमा उत्तिसको चिर्पट (दाउरा) काट्दा मेरी आमा छवि रत्नले गाउनु भएको गीत भाउजूले सुनाइन्,

मोल न मोल चाँदीको गिलास नमोल पित्तलु
चौवन्दी चोला भेट भयौं होला नमोल पित्तलु
बोल न बोल हृदय खोली मनको सित्तलु

कदमको छाया एकछिन त माया मनको सित्तलु (राई, दिलेन्द्र २०६४, *विनायो वजाउँदै,* गीति एल्वम ।

लैबरी गीतलाई ***फूलको गीत*** पनि भनिन्छ । साँचो अर्थमा गाउँदा जुवारीको रूपमा गाउने गरिन्छ (राई, दिलबहादुर, (२६/०१/२०६१), व्यक्तिगत कुराकानी) । लैबरी गीतलाई ***लौ लौ गीत*** भनेर पनि चिनिन्छ । ऐसालु वैसालु जोभान हुँदा गाइने जुवारी गीत नै लैबरी भाका हो (राई, भीमबहादुर (२०६२), व्यक्तिगत कुराकानी) । मनरत्न नामराङमा राई, लालवीर राई, मकरवहादुर थुलुङ, मकरसिं वाहिङ राईहरू, पाँचथर र इलामका स्थानीय प्रसिद्ध लैबरी र हियारी गायकहरू थिए (राई, जसमाया र राई, स्व.पत्थरसिं असोज २०५७) ।

भक्तबहादुर राई (२०५३/०९/२४) को भनाइ अनुसार ***कठैबरी लै लै*** पनि लैबरी भाकालाई नै भनिन्छ । हतुवाली (२०६५) अनुसार ***कठैले बरी (लहरे गीत)*** भोजपुर हतुवामा पनि प्रचलनमा रहेको तर हाल लोपोन्मुख भएको लेखेका छन् । *लैबरी* किराती भूमी भोजपुर, सङ्खुवासभा, खोटाङ धनकुटा हुदै किरात राईहरूको बसाइँसराइसँगै अरूणतमर पारी पाँचथर-इलाम, पूर्व मेचीको सैरोफेरो हुँदै दार्जिलिङ सिक्किमसम्म फैलिएको हुनुपर्छ ।

लेखको टुनी तिम्रै घर मुनी सिमलको ठूलो रुख
चरी नाच्यो थै थै कठैबरी लै लै सिमलको ठूलो रुख
एक वचन बोल्दा मोहनी लाग्छ सरस्वती तिम्रै मुख
कदमको छायाँ बसीगो नि माया सरस्वती तिम्रै मुख
ए नी बरी लै लै सरस्वती तिम्रै मुख (श्रोतः बिक, फासबहादुर २०६१/०१/२६), राई, छविरत्न २०५७-२०६१), राई, जगत २०६१) ।

त्यस्तै लोकगायिका कविता आलेद्वारा गाइएको रेडियो नेपालबाट बज्ने *चुरौटे दाइले* यो लोकप्रिय गीत पनि पनि लैबरी भाकाबाट नै परिमार्जित हुँदै आएको उपलय हो ।

हाक्पारे

किरात संस्कृतिविद् तथा लेखक इसारा, सन्तकुमार (२०७२ पौष १५) सँगको कुराकानी अनुसार हाकपारे किरात राई समुदायबीच प्रचलित लैबरी नै किरात राईहरूको प्राचीन हाकपारे भाका हो । खोटाङ, भोजपुर, साम्पाङ, सङ्खुवासभा (अरुण उपत्यका), धनकुटाको सेरोफेरोमा राई समुदायमा प्रचलित हाक्पारे भाका रहेको सङ्गीतकार तथा लेखक

बुलु मुकारुङ र नारदमनि हार्ताम्छाली जानकारहरू बताउँछन् । जमुना राईद्वारा पनि किरात राई जातिमा प्रचलित हाकपारे गीत (२०६६) माथि खोजी कार्य भएको पाइएको छ ।

सिकारी दाइको जोरनाले बन्दुक
भर्दैछ नि हौ हजुर जोर गोलि...लौ लौ
गाउँलेको घर के दिनु छर
भात छैन धानको मै दुःखि ज्यान्को
लिनुहोस नि हौ हजुर यो बोलि...लौ लौ (श्रोतः हार्ताम्छाली, २०७२ मंसिर ०५) ।

लामवारी

लामवारी भाकाको इतिहास खोज्दै जाने सन्दर्भमा संस्कृतिकर्मी प्राज्ञ नारदमनि हार्ताम्छालीसँगको कुराकानी अनुसार भोजपुर, साङपाङ, खोटे डाँडा बस्ने ९२ बर्षे आफन्त बाजे समशेर राई ***लामवारी*** गायक थिए । बाजेले सानो छँदा वस्तुगोठमा सुनाएको प्रचलित *लामवारी* भाकाको हरफहरू*हाक्पारे* जस्तै रहेको बताउँछन् नारदमनि हार्ताम्छाली । लामवारीको अर्थ वान्तवा भाषामा *लाम=बाटो, वा=पानी र री=लय/भाका/गीत* हो । बाटो घाटो, पानी पँधेरो, खोलानाला, घाँसदाउरा, गोठाला-खेतालामा गाइने भएकोले लामवारीलाई नै लैबरी गीत भनिएको हुनु पर्दछ । हार्ताम्छाली अनुसार यो भाका भोजपुर, साम्पाङमा बुढापाकाहरूसँग यदाकदा पाइन सक्छ ।

गौंथली ज्यानले ज्यान गुँडैलायो,
धर्मसाल नि हजुर पाटिमा लौ
जन्मेको ठाउँमा बाँचुन्जेल सम्म,
तमरै तर्नु रमाइलो गर्नु बाँन्जिल सम्म
मरेरनि हजुर माटीमा लौ लौ (श्रोतः हार्ताम्छाली, २०७२, मंसिर ०५) ।

भोजपुर, साङ्पाङ, सङ्खुवासभा (अरुण उपत्यका) धनकुटा, पाँचथर, इलामको सेरोफेरोमा किरात राई समुदायबीच प्रचलित ***फूलको गीत, कठैबरी लै लै, कठैले बरी, लौ लौ, लामवारी र हाकपारे*** नामका लोक भाकाहरूका शब्द, शैली, बनोट र गाायनमा धेरै समानता रहेको पाइन्छ । लामवारी र हाकपारेको गायनशैली र गीतको रचना उस्तै रहेको हार्ताम्छाली बताउँछन् । तसर्थ, यी सबै माथि उल्लेखित भाकाहरू ***लैबरी*** लोकभाका नै हुनु पर्दछ ।

हियारी (आयानी)

हियारी किरात राई जातिको विबाहमा जुवारीको रूपमा प्रचलित प्रदर्शनकारी लोकगीति संस्कृति हो । विशेष इलाम र पाँचथर मेचीअञ्चलको सेरोफेरोमा प्रचलित रहेको थियो । किरात राई वान्तावा भाषामा हियाको अर्थ हृदय र री को अर्थ भाका, लय, गीत हो । तसर्थ, हियारीको अर्थ हृदयको भाका/लय/गीत हो । जन्तीलाई सुङ्खिम (सेउलाले बनाएको जन्ती बस्ने ठाउँ) मा पसिना सेलाउनी अचार, सिकार र तोङ्बा खुवाइन्छ । बारीको बीचमा एउटा बाँसको लिङ्गो गाडी तेल, बेसार दलेर चिल्लो पारि माथि टुप्पोमा बाँसको नली बनाई सुल्फा राखेको जन्ती पक्षले खानु पर्ने हुन्छ । जन्तीतर्फका व्यक्तिहरू चढ्न नसके असफल वा हार भएको मानी हँस्यौली समेत गरिन्छ ।

बेहुला पक्षको जन्तीलाई मेजमान सकेपछि बेहुला र बेहुलीलाई माइतीबाबु साथै अन्य आफन्तहरूबाट टीका लगाई शुभ आशिष दिन घरभित्र लगिन्छ । त्यसै समयमा बेहुला र बेहुलीको तर्फबाट टीका लगाएको रमिता हेर्दै यो आयानी (हियारी) गीत जुवारीको रूपमा बेहुली र बेहुला दुई पक्षको बीचमा गाइन्छ, ।

हियारीको खास रितको रूपमा चाहिँ जन्तीलाई बिदावरी गर्नु भन्दा अगाडि बेहुलीको घर आँगनमा गुन्द्रीमाथि राडी बिच्छयाई जोर लोकन्ता/कलिया राखिन्छ । वेहुलापक्षका जोर लोकन्तालाई केरा वा गुजुरगानाको जराबाट बनाइएको तिलहरी, कानको चेप्टेसुन, नाकको झुम्के बुलाकी, केराको पात पहेँलो पारेर सिन्काले बुनेको टोपी लगाइ दिइन्छ बेहुलीपट्टिका जोर लोकन्ती/सोल्टिनीहरूले । बाँसको एकै ठाउँमा जोडिएको दुई हुक्कामा माथि झरिलो कोइलामा ढिँडे खोर्सानी राखी हुक्का तान्न लगाइन्छ लोकन्ताहरूलाई । चिउरी/भोर्ला या अन्यपातको दुनामा सुँगुरको सिकार, अचार र आसामे बटुकोमा तीनपाने रक्सी, तोङ्बा राखी लोकन्तीहरूले खुवाई दिन्छन् जोर लोकन्ताहरूलाई ।

लोकन्ता: *आयानी, असला मार्‍यौँ बुधुना मार्‍यौँ*
आइयानी लै लै सिउँडीको विषैले
आयानी तमाखु माग्दा खोर्सानी दियौँ
आयानी लै लै कहिलेको रिसैले?

लोकन्ती: *आयानी, हिमालै चुली त्यो पल्लो पट्टिट*
आयानी लैलै बारबार्नुसिटैले
आयानी रिसैले होइन, रसैले होइन

आइयानी लै लै भेटेको रितैले (राई, २०६२) ।

यो रित भोजपुर हतुवामा पनि लोकण्डा चोङ्मा रितको रूपमा प्रचलनमा रहेको कुरा संस्कृतिकर्मी हतुवालीको पुस्तक *किरात राई जातिभित्रका केही विशेष संस्कृतिहरू* (२०६४) भित्रको लेखमा उल्लेख गरेको पाइएको छ । खोटाङ, खमारे निवासी राई, जयकुमार (२३/०९/०७३) को भनाइ अनुसार उनको बडबा बिर्खबहादुर राई र काका स्व. शन्तबहादुर राई, मौरे गडी, खिल्कु गाउँमा डालो नाङ्लोको बिक्री गर्न खमारे आउँदा, २७-२८ सालतिर, हियारी गाउँदै जुवारी खेल्ने गरेको बताउँदछन् । ओखलढुङ्गा, चौरासेबाट एक जेरुङ राई पनि माटोको राम्रो भाँडा किन्न खामतेल, राजापानी, खोटाङ आउँदा हियारी गाउने गरेको पनि बताउँछन् । त्यसैले हियारी गीतको परम्परा किरात पुर्ख्यौलो भूमि ओखलढुङ्गा, खोटाङ र भोजपुरमा पनि प्रचलित रहेको केही पुराना बुढापाकाहरूले बताएको कुराहरूले पुष्टि हुन जान्छ ।

वान्तावा भाषामा हियारी

आयानी वाकुनि टाङ्डा केङ्चुक्नि चावा
आयानी लै लै कुड्ढुक्नी डुङाने
लहै कुड्ढुक्नी डुङाने
आयानी पोमोलो मुपुन केङ्चुङ्नि चावा
आयानी लै लै उक्छीना हुवान्ने
लहै उक्छीना हुवान्ने
(आयानी सामाकाम आन्कौ रुमिओ पाङ्मी
आयानी लै लै उक्छीना यूङान्ने
लहै उक्छीना यूङान्ने (स्रोतः राई, भीम ब. २०६२), राई, ज्ञानमाया र राई, कर्ण २०७३/०७), राई, विष्णुमाया २०५७) ।

साकेला/साकेवा छाम (गीत)

वैशाखे (उभौली) र मङ्सिरे (उधौली) पूर्णिमामा साकेला/साख्खेवा/साकेवा पर्व/चाड किरात राई समुदायबीच हर्सोल्लासमय वातावरणमा मनाइन्छ। यसै अवसरमा किरात राईहरू ढोल, झ्याम्टा, अर्नाको सिङ पुङ, शिलीखोङ बजाउँदै र चौरीको पुच्छर, सेउली हल्लाउँदै साख्खेवा गीत गाउँदै गोलाकारमा नाच्दछन्। किरात राईहरूले आफनो वेशभुषा, गरगहना पहिरिएर सबै उमेरका सदस्यहरू साकेला गीतको नाचमा सहभागी हुन्छन्। धामीहरू भने आफ्नो पहिरनमा नाच्दछन्। खालिङ राईहरूको उभौली भूमे नाच २०४५ मा सोलुखुम्बु, खरीखोलामा जुभीङबाट ढोल झ्याम्टा, बजाउँदै, थुन्चे बोकी सिक्ली डाँडामा सम्पन्न गरेको पहिलो पटक हेर्ने मौका पाएको थिएँ।

किराती संस्कृतिविद् सन्तकुमार राई (२०७२ पौष १५) सँगको कुराकानी अनुसार भूमे नाग (सेती भूमे) को पूजासेवामा गाइने गीत हो साकेला/साकेवा छाम। सृष्टिको उत्थानसँगै दुई दिदी बहिनी कुहुक्मा लुङ्लीत र नाहुक्मा इसाराको सृजना भयो। उनीहरू प्राकृतिक आत्मा चेतनाले भरिएका माङमाहरू थिए। ती माङमाहरूबाट नै साकेला/साकेवा (खेवारी छाम) प्रचलनमा सुरू भएको पनि भन्छन् सन्तकुमार,

सुम्निहाङ्मो पारुहाङपा
सेन्चि सेन्माङ खाचि सेमुना
साकोङ टोङसा यायोक टोङसा
साकाबायु ढाचि सेमुना (खामलुङ, २०४५, पृ. ४३)।

आप्तारुङ सिली छाम (गीत)

हे ! मामाबुङ सुम्दिमौ, पापाराभुङ पारुहाङवो, हान्लोनाये
दोङवाङा, दोङदावा, दोङदावा, दोङवाङा खिदा,
सायाचोक्सा, वायालोक्सा बान्थेन येत्सा,
नाम्माङ, नाम्माङ, छिन्माङ, छिन्माङ लिसा,
सायाताली, भेताली, गुरेताली ङाडुङको नै,
साकुनी दिमानी, साकुची दिपाचीलाम,
छिलाम हुत्सा,आप्तारुङ आप्तारुङ रो रो !! (राई, २०७४, पृ.१३६)।

भूमे थानमा कोयी धामीले गाउने साकेला रिसिया

साकेल न बासाखम्बी नक्छो होबाचेल हे ए ए
दुवादु, दुवा दुवा दुवनिलो ह ह ह
मालो मालो मालोनिल ह ह ह
फवा देनेखम्बी देसाखम्बी ह ह ह (राई, २०७१, पृ.३६) ।

राई (२०७१) अनुसार नक्छो (धामी) ले रिसिया (मुन्दुम) गाउँदै साकेलाको सेवा पूजा गर्दछ । विष्णु राई (२०७१), *किरात सभ्यताः उधौली/उभौली पर्व मानवशास्त्रीय अध्ययन,* अनुसार साकेला गीत र नृत्य राई जातिको सभ्यता र संस्कृतिको चरणवद्ध विकासको प्रतिबिम्बको रूपमा प्रस्तुत गरेका छन् ।

वाढाङ्मी छाम (पापानी)

वाढाङ्मी छाम (पापानी गीत) धनकुटाको खाल्सा क्षेत्र (खोकु छिन्ताङ, आँखिसल्ला) मा आठ पहरिया किरात राईबीच प्रचलित रहेको पाइएको छ । कात्तिके पूर्णिमाको साँझबाट घरघरमा सेवा पूजा गरी सकेपछि ढोल, झयाम्टा, मादल साथ वाढाङ्मी छाम गान र नाच सुरु हुन्छ । मङ्सिरे पूर्णिमा (उधौली) साकेला चाडमा मङ्गलबार पारेर गाइने प्रचलन रहेको खोटाङ निवासी संस्कृतिकर्मी राई, जनक बताउँछन् । साकेवा/साकेला (सुम्दीमा/प्रकृति), बुढाहाङ (पारुहाङ), छिन्ताङ देवी आदि देवी देवताको नाममा वाढाङ्मी गीत गाइने प्रचलन रहेको पनि उनी बताउँछन् (०१/०५/२०७३) ।

आ...अ....अ.....अअअ.................
भमरु कान्छी रस लिन गयो
आ...है पाकेको मेवैमा
आहै पाकेको मेवैमा
चिनिया चिनमा हिजुको दिनमा
आ है सात चेली माइती सात नाता नाला
आ है भेटनि भयो उधौली सेवैमा
आ है उधौली सेवैमा (स्रोतः राइर्हरू, गोठमाया र उद्धवमनी २०७२) । सङ्कलनः किरात राई सांस्कृतिक कलाकार सङ्घ (२०७२) ।

वाढाङमीको अर्थ

वाढाङमीको भन्ने शब्द वाढुम्मा/वाडुम्माबाट अपभ्रंश भएर वाढाङमी भएको हो भन्ने कुरा लेखक तथा संस्कृतिकर्मी लोकेन्द्र कुमार तेले राईको पुस्तक छिन्ताङ संस्कृति र जाल्पादेवीमा उल्लेख गरिएको छ । वा र ढुम्माको अर्थ वा भन्नाले बुढा/पाका, अग्रज, छरछिमेक, गाउँटोल र समाज भन्ने बुझिन्छ र डुम्मा/ढुम्माको अर्थ चाहिँ पहिल्याउनु भन्ने लाग्छ । यसर्थमा बुढाहाङ (पुर्खाहरूको) शक्ति, संस्कृति वा बाटो पहिल्याउनु भन्ने बुझिन्छ । १५ दिनभित्र मुन्दुमविद् तथा अग्रज नाक्छोङहरूले वर्ष दिनको शुभ अशुभ हेर्ने चलन पनि छ । यो पर्व घर घरमा गाउनुका साथै नाचिन्छ जसलाई माङलाक भनिन्छ । यो बेला वर्षभरि उब्जाएका अन्नबाली देवतालाई चढाएर देवाताहरूको अगाडि गएर नाचिन्छ (Kirant Rai Community, Nov. 9, 2020) ।

जनक र राजु राई (२०७३/०५/०३) संगको कुराकनी अनुसार बुढाहाङ, छिन्ताङ देवी, साकेला/साकेवा, पितृ सेवा कार्य, उधौली, उभौली, घर पैँचो, विबाह, अन्य शुभ कार्यहरू, साथै मेला, पर्व, मायाप्रिति, दोहोरी, उठन्ती, बैठन्ती, चोट्टे/ठट्टयौलीको रूपमा पनि वाढाङ्मी गीत प्रचलनमा रहेको पाइएको छ ।

होप्माछाम (सृष्टिगीत)

भीमबहादुर राई (२०६२) अनुसार होप्मा छाम गीत सृष्टि सम्बन्धी वर्णन, सभ्यता, साइनोसनय र शिष्टता सम्बन्धी बारे गाइने रिसिया गीत हो । संस्कार, संस्कृति, विवाह बटुल, खुसियाली, भेटघाटमा गाइने किरात राईहरुको मौलिक गीति परम्परा हो । सन्तकुमार राई (२०७२) अनुसार सृष्टिको पहिलो कुरा, पहिलो मान्छे, सत्यजुगको कथा हो होप्मा छाम। महिला र पुरुष सम्बन्घि कथा हो । हेत्छाकुप्पा माइती, तायामा खियामा चेलीको ऐतिहासिक कथा हो । होप्मा छाम दुई प्रकार रहेको पनि राई बताउँछन्, माइती र चेली पक्षबाट गाइने ।

चेली: *ए पापा पाथिसुङचेउ, दिलुङ्हाङचेउ,*
निनाम्माहाङचेउ, हाङ्छाबुङ्चेउ
ए माङछाबुङचेउ, पारुबुङ्चेउ
सायाबुङ्चेउ, छेमाबुङ्चेउ
ए मामि योङ योङ
ए होक होक ! ए होक होक !

माइती: *ए छेकुबुङ्माचेउ मामाबुङ्चेउ,*
दिमाबुङ्माचेउ, शाकुदिमाचेउ
ए छेन्खामाबुङ्चेउ हेन्खामाबुङ्माचेउ
खानानिनलो ए यूङयाङ मायाङ
उन्काची छौवाँ वासालो लिसीन्को
ए मामि योङ योङ
ए होक होक ! ए होक होक ! (स्रोतः राई, सन्तकुमार २०७२ पौष १५) ।

दोलो कुम्मा दो

होप्माछाम **(दोलो कुम्मा दो)** गीत किरात राईको सृष्टि सम्बन्धी लोकगाथा/कथा हो । सुम्दीमा पारुहाङबीचको सम्बन्ध, पहिलो छोरी नायुमा, जीवजन्तु (बाघ, भालु, मान्छे), चराचुरुङ्गीहरू; दुने र चिवे चरी (सालुत्ली, खारावा माविहरू/बिजुवा) आदिको सृष्टि र जीवन जगत्को बारेमा कुविमा (विद्वान्) हरूले गाउने गीत, रिसिया हो । किरात राईहरूको सृष्टि सम्बन्धी वर्णनमा मानिस, चराचुरुङ्गी र जनावरहरूसँगको साइनो र सभ्यतासँग जोडिएको पनि बताउँछन् (पृथ्वीराज, २०७२ पौष) । यो गीत दोलखाको किराती राजा हेन्कुबुङ र उनको बहिनी सैसैलासँग पनि जोडिएको किरात समुदायमा प्रचलित कथा रहेको छ । राई (२०७४) अनुसार यो डो/दोलोकुम्मा (श्रीपेच) दो सैसैला बहिनीले आफ्नो दाजु किरात राजालाई उभौली र उधौली साक्खेवामा लगाइदिने श्रीपेच र मुन्दुमी शब्द पनि रहेको देखिन्छ ।

दोलोकम/दोवकम वास ख्वाम (साकेला थान)बाट फर्किने बेला खालिङ नोक्छोले गाउने गीत हो ।

अलनि व तम नि, दोव कम्
स्याक्युदिप्य अ्या म्यूल्यूल्याम्पो दोव कम्
पख तख तम्स ह्याम्पो, दोव कम्
माप्य ओ चुन्यु ह्याम् व हो व कम्
इको बफुमि निन्वाम्या स्यो दोवकम्
इको बफु बयामो स्यो दोवकम्

इको बफु निन्वारिदम् स्यो दोवकम... (राई, १८ असोज, २०८१, मा ख्याल तम्र्, २०७७ बाट साभार)।

राई (पौष, २०६८) अनुसार भूमण्डलीकरणको आँधी-व्याधिले झपक्कै छोपेर ल्याएको आजको समाजमा आफ्नो भाषा र संस्कृतिलाई ज-जसले एकदेखि अर्को पुस्तामा हस्तान्तरण गर्दै लान सक्छ उसको मात्र 'चिनारी' रहन्छ। किरात राई जातिको मुन्दुमी रिसिया गीति संस्कृतिले यसको महत्त्वलाई बोकेको देखिन्छ।

रिसिया

किरात राईहरूको चुला (सुप्तुलुङ) पितृ (माङ), सृष्टि, प्रकृतिसेवा, पूजाआजा, जन्म, पास्नी, छेवर, गुन्यु, चोली, बिबाह, रीतभात, सामाजिक परम्परा, मृत्यु आदि संस्कार साथै अनेकौ सांस्कृतिक चाडबाडमा र सेवापूजा कार्यहरूमा राई बिजुवा (माङपा) तथा नाकछोङहरूद्वारा विभिन्न अवसर, समय र स्थानमा रिसिया गाइन्छ। पित्रृ पूजाआजा तथा सांस्कृतिक कार्यहरूमा लयमा गाइने भाका, गायन, मुन्दुमी गीतलाई रिसिया भनिन्छ। माङपा वा नाक्छुङहरूले ढोल, झयाम्टा वा थाल मात्रैको तालसँग रिसिया गाउँदछन्। बिना बाजा पनि रिसिया कवितात्मक लयमा भन्दै नाकछोङहरूद्वारा विभिन्न सांस्कृतिक विधिविधान सम्पन्न गर्दछन्।

चाम्लिङ (सृष्टि रिसिया)

ह्य आसेमा बो
ह्य नाकिहोंवा बैकुवाडा छैलुङ्री लिस्यु कुन्योउ
हय छैलुङ्रीवा आसेमा वासेपी लिस्यु कुन्योउ
हय वासेपीवा आसेमा बो हय रुङ्खामा लिस्यु कुन्योउ
हय रुङ्खामावा आसेमा बो हैखामा लिस्यु कुन्योउ
हैखामाडा आसेमा बो बोखावुम्वा
हय गोंसिचावा लिसा लिसा कुन्योउ
हैखामाडा आसेमा बो हय तेकुमा सुङ लिसा कुन्योउ।

नेपाली

उहिले पो नागले समुद्रमा ढुङ्गा उब्जायो है
उहिले पो ढुंगाको चेपमा उन्यु पलायो है

उहिले पो उन्युमा धमिरा उब्जायो है
उहिले पो धमिरा माटो उब्जायो है
उहिले पो माटो दुबो उम्रियो है
उहिले पो माटोमा साल उम्रियो है (राई, २०७१, पृ.१०३) ।

कोयु (२०५९) मा सकसक मुन्दुमी रिसिया, माडी रिसिया, हुइलुङ पितृ पूजा, उभौली-उधौली साकेला, न्वारान, विबाह (रुङरी काम्मा) र मृत्यु तथा विभिन्न संस्कारमा गाइने रिसियाहरू पनि उल्लेख गरेका छन् । पुमा (२०७२) अनुसार बुढाहोङ (सृष्टि पूर्खा/पारुहाङ) मुन्दुममा सुप्तुलुङ (सृष्टिको प्रतीक तीन चुला), बुङपेन्मा/बुङफेन्मा (आत्मा/सृष्टि फूल), वाहुतमोङ (पानी/चावामाङ), यारि (जोखाना हेर्ने), लामपाक्मा (मृत/खसेको मानिसलाई बाटो लगाउने) र मोङहिम (बिटुलिएको पित्र) सेवा मुन्दुमी रिसीयाहरू रहेका छन् ।

राई (२०७०) मा चुला स्थापना, घर पैसा/पैंचो, पितृ सेवा, जन्म, जीवन कर्म, चाडपर्व साथै विबाहमा गाइने खुँडा जगाउने मन्दुमी गीत पनि उल्लेख गरेको पाइन्छ । राई (२०६६) ले गर्भ रक्षा, न्वारान, खाना, बाल्यकाल रक्षा, युवाज्ञान, कामना, विबाह, बुहारी भित्र्याउने, शिर उठाउनी, आशीष र मृत्यु संस्कारमा माङपा (धामी)द्वारा गाइने राई बान्तावा रिसियाहरू उल्लेख गरेका छन् । सिरिहाङमा खिमहत्दा वाक्तुमयाम्लो दोम्माओ रिसिया (बेउली घर भित्र्याउदा गाइने रिसिया ।

ए ! खाम्बोक्दिमामाङ ! लेसायाङमाङ !
ए ! पुक्चिपोक्मामाङ ! ओमयाङहाङमाङ !
लाङपुप्तुङका सेवामुङाङा !
आसेवा सेवा लोवानेइ
आइ ओको खो नङ ओ छेकुमा
खोकोनिन् सुबुकाम्मा कामाका
ओदा खोमानिछा मुतारुयुङसु
सुप्तुलुङ छेकुलुङदा पाक्माओनेइ
लाम होक्तानुम् लाम लेत्तानुम्
आइदाङका ओको खो नङ ओ छेकुमा
ओको खिम्दाओ खोमानिछा सिओनेइ (राई, २०६६, पृ.४९२) ।

पारुसेवा मुन्दुम (२०७२) अनुसार किरात राई जातिको मुन्दुमी रिसिया गीतहरूमा उनीहरूको जीवन र जगत्सम्बन्धी कथा, इतिहास, दर्शन, ज्ञान, सूचना, भाषा, अनुष्ठान, समाज, ज्योतिष, प्रदर्शनकारी, मनोशास्त्रजस्ता शास्त्रहरू साथै प्रकृति, वनस्पति, जीवजन्तु, विभिन्न समयको कालखण्डहरू जस्ता विषयहरू प्रतिविम्बित हुनेकुरा उल्लेख गरिएको छ । त्यसो भएकोले राई जातिको मुन्दुमी रिसिया उनीहरूको जीवन र जगत् साथै सामाजिक जीवनशैलीको प्रतिविम्ब रहेको बुझिन्छ ।

माङ सेवा भजन

यो बान्तवा भाषामा बनेको राई समुदायमा प्रचलित माङ (पितृ/प्रकृति)सेवा (भजन)ले मादक पदार्थ अति सेवनले परिवार र समाज बिथोल्छ तसर्थ सुम्निमाङ पारुमाङसँग कम गरीदिन अनुरोध साथै पुकार गरिएको छ । पूर्व पाँचथर इलाम क्षेत्रमा किरात राई साधु समुदायमा एकतारे बाजासँग गाइने माङ सेवा भजन हो ।

खाउखारु यानि यान
हुसुङ मिलुङ हाङ्चेउ हाङ्छाचेउ
सिन्टाने आन माङ ओम्याहाङ
कोङ्डाङ्का खाखाङ्माओ कोङ्कोलुङ
खाखाङमाओ कोङ्कोलुङ आम्नो टायावाङ ।
तायाखारु डारानिन् मुनाचेउ
हाङसाम माङ सेङ्साकी आन्चेउ
ताया सेङ्साउ सृप्तुलुङ सेङ्साकी सेङ्साने
हुवाङ डुवाङ् तायाङेट्टा मानङुङ्ङाने
उम्माक हेङ्मावा (स्रोतः राई, बिस्णुमाया (२०५७/७/२३ गते, आइतबार) ।

छवाक छाम (दुःखको गीत)

दुःखको कार्यमा पनि किरात राईहरूले छवाक/लामपाक्मा (सिचिया याङ्दाखा) अन्तिम बाटो लगाउँदाको दुःखेसो मुन्दुमी रिसिया (गीत) पनि प्रचलन रहेको इसारा बताउनु हुन्छ । यसरी किरात राई समुदायमा विभिन्न समय र रित कर्मअनुसार माङपा वा माङमा (धामी/धमिनी)हरूद्वारा मुन्दुमी सांस्कृतिक कार्यमा विधिपूर्वक गाइने किरात राई जातिको लोकगीति संस्कृतिमा छवाक छाम रहेको देखिन्छ ।

राम्दाले भाका

राई वाम्बुले, गणेश अनुसार राम्दाले लोकभाका ओखलढुङ्गाको वाम्बुले राई र सुनुवार समुदायमा पनि प्रचलनमा रहेको देखिन्छ । यो लोकभाकाहरू विशेषगरी तामाकोसी, सुनकोसी, लिखु कोसी वरिपरिको भूभागमा गाउने गरेको पाइएको छ ।

केटाः *मुग्लान ल्वा बामे द्याल ब्जिम्सै खामे लिम्सि ए आचाबु*
लिम्सि ए आचाबु ला है लिम्सि ए आचाबु
भोट मदेस पामे दुखाख् द्याल प्लेमे
त्याँवाइँ ए आमाउः
पुर्वल ङ्अ्वाम दाम्मे ब्जिमचाल त्वाम खाम्मे
त्याँवा ए आमाउः (सङ्कलनः थुलुङ्ल, एम.बी. २०७७) ।

बृद्धः *एक राते मेला भर्न मन लाग्यो मौसिरे पूर्णेको*
(पृष्ठभूमिमा सुनिन्छ- ह है गाँठेउ ह है)
मौसिरे पूर्णेको ला है मौसिरे पूर्णेको
सपनी ज्यानमा झलक्कै देखें भेट हुन जुरेको
(पृष्ठभूमिमा सुनिन्छ- छेऊ घुम् है ला है छेऊ घुम्..)
भेट हुन जुरेको ला है भेट हुन जुरेको
सुन्यौ कि मायालुले ला है सुन्यौ कि मायालुले (सङ्कलनः राई, रासबहादुर २०७६) ।

ए हो बालै

ए हो बालै मौलिक लोकभाका किरात राई चाम्लिङ समुदायको हलेसी तुवाचुङ, बोहेम्मा क्षेत्र खोटाङमा बुढापाकाहरूबीच प्रचलित रहेको पाइएको छ । विशेष दशै, तिहार साथै अन्य चाडबाडहरूमा मादलका साथ नाचगान गरी चाम्लिङ समुदायमा मनोरञ्जन गरिने कुरा भोगीराज चाम्लिङ बताउँछन् ।

ए हो बालै घनकुटाको डाँडै डाँडा
ए हो बालै मयूरको जोडी है रिउ२ माया सिउ
ए हो बालै सँगसँगै हिड्दा हिड्दै२

ए हो बालै कहाँ गइस छोडी है रिउर माया सिउ (सङ्कलनः चाम्लिङ, भोगीराज, राईहरू कपिराज, लाखधन, चयन्द्र, कितापसिं, अमेम्बर, दीपेश, सुजन र घनश्याम २०७७/०८/२२) ।

गोठाले दाइ

अरुण उपत्यका सङ्खुवासभा, मकालु गाउँपालिका-५, लुङदिङ, खुकताक क्षेत्रका राई समुदायमा प्रचलित गोठाले भाका **गोठाले दाइ** निम्नअनुसार पाइएको छ ।

बादलु भित्र नि गाँठे सिमसिमे पानि
गोठाले दाइ भिजाइत हाल्यो लुत्रुक्कै
जालमुनि माछा लेउमा
बैगुनि ज्यानले नि गाँठे भुक्यायो मलाई
गोठाले दाइ भिजाइत हाल्यो लुत्रुक्कै
पारित हाल्यो खुत्रुक्कै
आउँदैन मेरो छेउमा (स्रोतः राई, मित्र २०७७/०१/२५) ।

गोठाले भाका

गोठाले गीत किरात राई जातिको आदि थलो खोटाङ, भोजपुर, सङ्खुवासभा, धनकुटा, पाँचथर, इलाम, झापाको सेरोफेरोमा प्रचलित लोकभाका हो । २०२९ सालमा झापाको शनिश्चरे बजारबाट बेलुका जुनेली रातमा घरफर्कदा कान्छा राईले एक्कासी गोठाले गीत गाए बाटोमा ।

ए......राजखाने खोला
बोकिन्छ झोला है हिडिन्छ होला
ए......रेल छक्क छक्क
दुईवैनि शिरमा है फूल ढकमक्क (स्रोतः राई, कान्छा २०२९) ।
ए.... बाँसको लिङ्गो पिङ
बसुँला भन्थे है आयो हिड्ने दिन ।
ए.....गाई कटेरैमा
आउदैन रेल है जाउँ मटरैमा (स्रोतः रानाहँछा, चन्द्र २०७३) ।
यो मनको अन्त बत्तिसै दन्त

कस बस्यो गाई जौबारीमा

कान्छा फेरीपन आउ है यही चौतारीमा (स्रोतः लोक गायक राई, जीतेन)।

गायकहरु बुलु मुकारुङ, राजन राई, नारदमनि हार्ताम्छाली लगायत अन्य गायकहरुले पनि यो लोकलयलाई प्रयोगमा ल्याइसकेका छन्। मेचीको सेरोफेरोमा प्रचलित अर्को गोठाले गीत पनि राई समुदायमा प्रचलित लोकभाका हो। फुएतप्पा, ओडारे ढुङ्गा छेउमा काजी बाँङा (काका)बाट ६/७ वर्षको बेला गोठालामा सुनेको भाका।

गोठाला दाईले घाँसै है काट्यो

खोलीको नि ए हौ दुदयालो

छिनघरी छिनमा आजको दिनमा

गरौ नि ए हौ उज्यालो (राई, २०२४/०२५)।

कुलुङ (२०८१) अनुसार 'सै राजा सै सै, सै रानि सै सै' लोकगीत कुलुङ भाषामा साल्पाको दर्शन गर्न जाँदा आउँदा जुवारी/जुहारीको रूपमा महिला र पुरूषबीच गाइने लोकभाका हो। भोजपुर, खोटाङमा धामीहरू बीचमा पनि यो भाका प्रचलित रहेको पाइन्छ। मसले ठट्टा पनि राई समुदायमा प्रचलित थियो पूर्व मेचीको सेरोफेरोमा। यसलाई ख्याली भन्ने चलन पनि थियो। यो केटाकेटी बीचमा कवितात्मक शैलीमा सवालको जवाफ दिने कममा तुरुन्तै कथी ख्यालठट्टा गरिन्छ। मेलापात, हाटबजार, मेलापर्व, चाडबाड, बिहेकार्जो, भेटघाट, घाँसदाउरा, सांस्कृतिक तथा धार्मिक जस्ता अबसरमा यी साङ्गीतिक कियाकलाप र गतिविधि राई समुदायबीच सम्पन्न हुने गर्दछ। *लैबरी, हियारी* र कतिपय *मुन्दुमी रिसिया* विनाबाजा नै गाइन्छन् भने कुनै लोकभाकाहरू बाजाहरूसँग नै गाउने प्रचलन रहेको पाइन्छ।

नतिजा विमर्श

आचार्य (२०६२) अनुसार जातीय, भाषिक, संस्कार, चाडपर्व, ऋतु, खेतीपाती, बाह्रमासे, भौगोलिकता, स्थानीयता, समय, स्थान, अवसर, प्रस्तुति अनुसारका साथै तिनमा पाइने लोक विश्वास, सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक पक्षहरू रहेको पाइन्छन्। त्यस्तै भाषा, सङ्गीत, गायकहरू/प्रस्तोता, भाव, काव्यात्मक/रस, रहनी/थेगो, फाँकी, स्थायी, अन्तरा, वाद्ययंत्र, नृत्य, अभिनय, पहिरन, श्रोता, दर्शक आदि लोकगीतका तत्त्वहरू पनि रहेको देखिन्छ। आदिवासी किरात राई जातिका लोकगीति संस्कृतिमा पनि निम्न अनुसारको मुख्य भाषिक र सांस्कृतिक विशेषता तथा महत्त्वहरू रहेको पाइएका छन्।

मुन्दुमी रिसिया गीति संस्कृतिमा *मुन्दुमी रिसिया (जीवनजगत् सम्बन्धि), वाढाङ्मी (पापानी), माङछाम (पित्री), साकेला/साकेवा/भूमे), होप्माछाम/दोलोकुम्मादो (सृष्टि सम्बन्धि)* जस्ता गीतहरू किरात राई जातिको सृष्टि, जीवन, जगत्, मानव, समाज, इतिहास, सभ्यता, कथा, दर्शन, ज्ञान, सूचना, भाषा, मनोशास्त्रहरू तथा प्रकृति, वनस्पति, जीवजन्तु, विभिन्न समयको कालखण्डहरू जस्ता विषयहरू मुन्दुमी गीति संस्कृतिमा प्रतिविम्बित भएको पाइएका छन् ।

भाषिक महत्त्व**का गीतहरूमा** माङपा/नाक्छोङ/बिजुवा/धामीहरूले प्रायः आफ्नो संस्कार साथै सांस्कृतिक कार्यमा सम्पन्न गर्ने मुन्दुमी रिसियाहरू राई समुदायमा रहेको देखिन्छ भने गोठाले, लैबरी, गोठाले दाइ, राम्दाले भाका, ए हो बालै, वाढाङ्मी, हियारी जसता भाकाहरूमा नेपाली भाषाको पनि प्रभाव परेको पाइन्छ ।

संस्कार संस्कृति सम्बन्धित गीतहरूमा जन्म, खाना खुवाउने, छेवर, गुन्युचोली, विवाह, जीवनकर्म, चुला स्थापना, घर पैसा/पैंचो, पितृ सेवा, चाडपर्व साथै विबाहमा गाइने लोकगीतहरू पाइएका छन् ।

चाडपर्व र शुभकार्यका सम्बन्धित लोकगीतहरूमा *मुन्दुमी रिसिया, चाछुवा, माङसिरे, साकेवा (भूमि), वाढाङ्मी (पापानी), वैशाखे (उभौली) र माङ्सिरे (उधौली) पूर्णिमा, होप्मा छाम* उनीहरुको गीति संस्कृतिमा रहेको देखिन्छ ।

मौसमी/ऋतु, खेतिपाती सम्बन्धित गीतहरूमा *मुन्दुमी रिसीया, चाछुवा, माङ्सिरे, साकेवा (भूमि), वाढाङ्मी (पापानी), वैशाखे (उभौली) र मङ्ससिरे (उधौली) पूर्णिमा* जस्ता गीतहरू प्रचलनमा रहेको पाइएका छन् ।

मानव मानवशास्त्रीय लोकगीति संस्कृतिमा राई (२०७१) अनुसार साकेला गीत र नृत्यलाई राई जातिको सभ्यता र संस्कृतिको चरणवद्ध विकासको प्रतिविम्बित रूप मानेका छन् । यो एक अध्ययन महत्त्वपूर्ण विषय पनि रहेको देखिन्छ ।

मनोरञ्जनात्मक तथा बाह्रमासे गीतहरूमा *लैबरी, (लौ लौ/कठैबरी लै लै/कठैले बरी/लहरे /फूलको गीत), लामवारी, हियारी (आयानी), साइमा छाम, साकेला, वाढाङ्मी, हाक्पारे, गोठाले मसले, ठट्टा, रामदाले, ए हो बालै* आदि राई समुदायबीच प्रचलनमा रहेको देखिन्छ । *लैबरी, हाकपारे, वाढाङ्मी, गोठाले* कुनै पनि समय र अवसरमा गाइने एकल वा जुवारी गीत रहेको भेटिन्छ । हियारी बिहेको अवसरमा बिना बाजा र नाच बेहुला र बेहुली

पक्षबीच जुवारीको रूपमा गाइन्छ । *मुन्दुमी रिसीया (सृष्टि, जीवन र जगत्सम्वन्धि, (पापानी), माङछाम (पित्री), साकेवा (भूमि), वाढाङ्मी होप्मा छाम/दोलोकुम्मादो* (सृष्टि)को लामो गाथा एकल साथै सामूहिक प्रस्तुति शैली रहेको पाइन्छ राई जातिको गीति संस्कृतिमा ।

प्रस्तुतिको अवसर र स्थानहरूमा मुन्दुमी र पित्री कार्य, चाछुवा, माङ्सिरे, उँधौली, उभौली, चाड, घर पैचो, बिहे, भेटघाट, भेला जस्ता अवसरहरू र माङखिम/चुलाघर, साकेला/भूमेथान), मेला, पर्व, हाट, बजार, गोठाला, खेताला, अर्मपर्म, गाउँघर, धारा, पोखरी, खोला नाला, देवीदेउराली तथा धार्मिक स्थलहरू लोकगीति संस्कृतिको प्रस्तुतिको स्थानहरू रहेका देखिन्छन् ।

रैथाने ज्ञान, सिप र प्रविधिमा *मुन्दुमी रिसीया, चाछुवा, माङ्सिरे, साकेवा (भूमि), वाढाङ्मी (पापानी), वैशाखे (उभौली) र मङ्सिरे (उधौली) पूर्णिमा, होप्माछाम* साथै चाडपर्व र शुभकार्यका गीतहरू उनीहरुको गीति संस्कृतिमा प्रयोग गरिएका ढोल, झ्याम्टा, थाल, गरगहना, वेशभुषा, खानपान आदिमा यसको अथाह उदाहरणहरू रहेको देखिन्छ । राई जातिको लोकगीति संस्कृतिमा रैथाने ज्ञान, सिप र प्रविधि पनि महत्त्वपूर्ण सम्पदाको रूपमा रहेको देखिन्छ ।

गानबजान, नाच, शृङ्गार र सहभागितामा वैशाखे (उभौली) र मङ्ससिरे (उधौली) पूर्णिमाको अवसरमा किरात राई जातिले ढोल, झ्याम्टा, अर्नाको सिङ पुङ, शिलीखोङ बजाउँदै र चौरीको पुच्छर, सेउली हल्लाउँदै आफ्नो वेशभुषा, गरगहना पहिरिएर सबै उमेरका सदस्यहरू साकेला गीतको नाचको अवसरमा सहभागी भएको देखिन्छ । सांस्कृतिक तथा संस्कारजन्य मुन्दुमी कार्यको रिसिया गाउँदा बिजुवा/धामीले भने आफ्नै पहिरन साथै थाल, ढोल, झ्याम्टा सहित कार्यक्रम सम्पन्न गरेको देखिन्छ भने कुनै समय वीना बाजा रिसिया मात्र गाउने गरेको पाइन्छ । जनसमुदायको पनि अनिवार्य सहभागिता रहेको पाइन्छ ।

लैबरी, हियारी, मुन्दुमी रिसिया, होप्मा छाम, साकेला, हाक्पारे, वाढाङ्नी, छवाक छाम, माङ छाम, माङ सेवा भजन, ए हो बालै, गोठाले दाइ, गोठाले जस्ता भाषिक र सांस्कृतिक महत्त्व बोकेका किरात राई समुदायमा प्रचलित लोपोन्मुख मौलिक लोकभाकाहरू अध्ययनमा देखिन्छ ।

निष्कर्ष तथा निहितार्थ

परम्परा, चाडपर्व, शुभकार्य, मुन्दुम, प्राचीन लोककथा, उखान-टुक्का, मौसमी/ऋतु, खेतिपाती, सिकार, श्रम, भाषिक, सांस्कृतिक, धार्मिक, सामाजिक, ऐतिहासिक, मनोरञ्जन, मनोशास्त्र, अनुष्ठान, प्रकृति, वनस्पति, जीवजन्तु, विभिन्न समयको कालखण्डहरू जस्ता विषयहरू किरात राई समुदायको लोकगीति संस्कृतिमा प्रतिविम्बित भएको देखिन्छ। सङ्गीत, गायक/गायिका, बाजागाजा, सिली, नाच, श्रोता, दर्शक, अभिनय, शृङ्गार, पहिरन, काव्यात्मक/रस, भाव, वेशभुषा, गरगहना, प्रस्तुतिका विविध अवसर, परिवेश र स्थानहरू साथै रैथाने ज्ञान, सिप र प्रविधि जस्ता लोकगीति संस्कृतिका तत्त्वरूले उनीहरूको सामाजिक जीवन शैली र भूगोललाई जीवन्त प्रतिविम्बित गरिएको देखिन्छ। आदिवासी राई मुदायको रैथाने मौलिक लोकगीति संस्कृतिले भाषिक, सांस्कृतिक, भौगोलिक र मानवशास्त्रीय विशेष महत्त्व बोक्नुका साथै राष्ट्रको सांस्कृतिक सम्पदाको रूपमा पनि रहेको देखिन्छ। प्रत्येक व्यक्ति, वस्तु र घट्ना आफैमा विशिष्ट मौलिक कथाहरू हुन्। किरात राई जाति पनि आफ्नो मौलिक संस्कृतिको खोजीमा सांस्कृतिक पुनर्जागरणको अभियान सँगै अगाडि बढिरहेका देखिन्छ। त्यसैले किरात राई जातिको लोपोन्मुख लोकगीति संस्कृतिको मौलिक पहिचानको खोजी गरिनुका साथै यिनीहरुको जगेर्ना र प्रवर्धन गर्न सम्बन्धित व्यक्ति तथा समुदाय आफै अग्रसर हुनु पर्ने देखिन्छ।

राई समुदायको रैथाने मौलिक लोकगीति संस्कृतिकले सांस्कृतिक महत्त्व बोक्नुका साथै राष्ट्रको सांस्कृतिक सम्पदा पनि भएकोले यस खोज तथा अनुसन्धानले रैथाने क्षेत्रमा बसोबास गर्ने सरोकारवाला व्यक्ति, परिवार, जातीय समुदायहरू, सङ्घसंस्था, कलेज, विद्यालय, सञ्चार माध्यमहरू, स्थानीय, प्रदेश, साथै राष्ट्र र राज्यलाई पनि केही योगदान पु-याउने छ।

कृतज्ञता

यो जर्नल लेखको लागि सबै प्राथमिक श्रोतका रूपमा योगदान दिनुहुने लोक स्रष्टाहरू, सन्दर्भ श्रोत/सामग्रीहरूका लेखकहरू, "**इण्डिजिनियस नलेज एण्ड प्रयाक्टिस जर्नल**" प्रकाशक ग्रामर कलेज, सम्पादक बोर्ड प्रमुख प्रा. डा. बिष्णु प्रसाद राई, व्यवस्थापक डा. जीवन खड्का, सदस्यहरू डा. तारामणि राई, डा. कृष्ण बहादुर राई, सल्लाहाकारहरू साथै अन्य सहयोगीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु।

सन्दर्भश्रोत/सामग्रीहरू

आचार्य, गोविन्द (२०६२). *लोकगीतको विश्लेषण,* पैरवी प्रकाशन ।

किराँत, डिल्ली (२०५३). *किराबामु कर्म-विधिको मन्त्र,* बालुवाटार, बालकृष्ण मुकारुङ/श्रीमती प्रेमकुमारी राई ।

किरात राई सांस्कृतिक कलाकार सङ्घ (२०७३). *वाढाङ्मीगीतको स्थलगत खोज र सङ्कलन* बाटप्राप्त तथ्याङ्क र श्रव्यदृश्य रेकर्डहरू ।

कुलुङ, अजय अलङ्कार (बर्ष, ३१, अंक १२, कार्तिक ५, २०८१). *साल्पा र सिलिछो/सिलुछो,* सुम्निमा, विश्वराज किरात ।

कोयू, फणिन्द्र (२०५९). *मुन्धुम,* राजबहादुर कोयू, प्रेमबहादुर कोयू ।

खड्का, जीवन (२०७७). *परिमाणात्मक अनुसन्धान तथ्याङ्क विश्लेषण तथा SPSS को प्रयोग,* नेपाल, सिम्फोनी पब्लिकेसन प्रा.लि. ।

खामलुङ, मानबहादुर (२०४५). *साकेन्वा लाकछाम भुङ,* मानबहादुर खामलुङ ।

चाम्लिङ, भोगीराज (संम्पा.) (२०७१). *मुन्दुम्, सृष्टिभाग १,* (पृ. १०३), किरात राई चाम्लिङ, खाम्बातिम, केन्द्रीय कार्यसमिति ।

ठूले, एलेन (२०७०). *किरात लोहोरुङ राई चिनारी,* किरात लोहोरुङराई समाज, गंगाकुमारी राई ।

तामाङ, मुक्त सिंह (२०६८ पौष). नेपालको आदिवासी जनजातिको विकासका नीति तथा कार्यक्रमहरु, चुनौती र आगामी प्राथमिकता,*आदिवासी जनजाति जर्नल,* अंक ४, आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ।

तिम्सिना, भूपेन्द्र (२०६२असार). हियारी र लैबरी जोगाउँदै,*युवामञ्च,* गोरखापत्र संस्थान ।

निरौला, कुलराज (२०७४). *नेपालका प्रदर्शनकारी कला,* प्रादेशिक अनुसन्धान, प्रदेश न. १, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

नेपाली शब्द सागर (२०५८). (दोस्र संस्करण), भाभा पुस्तक भण्डार ।

प्रज्ञा लोकवार्ता विवेचना (२०७५). प्रकाशकीय, सम्पा. भवेश्वर पंगेनि, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पुमा, प्रवीण (२०७२). *बुढाहोङ मुन्दुम,* (पृ. १०३), आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, नेपाल ।

पौड्याल, महेश (२०७६). समकालिन नेपाली गीतः प्रवृत्ति र बजारीकरण,*गीतकार, प्रदेश नं. १ विशेषाङ्क,* गीतकार सङ्घ नेपाल ।

बराल, कृष्णहरी (२०६७). *गीतकार* (पृ.१७-२५), गीतकार संघ नेपाल ।

बन्धु, चूडामणि (२०७२). लोकसहित्यका सिद्धान्त र अध्ययन पद्धति, *नेपाली लोकवार्ता* (गोष्ठीपत्र सँगालो), जीवेन्द्र (सम्पा.), नेपाल प्रज्ञा-प्रतिष्ठान ।

मुकारुङ, बुलु (२०७३ साउन २८). *लोक सङ्गीत-संस्कृतिको बिस्तार,* गोरखा पत्र दैनिक ।

राई, कमलजङ्ग (२०७४). *साक्खेवा सिली,* (दोस्रो संस्करण, डम्बरबहादुर राई ।

राई, अर्जुन (१८ असोज, २०८१). *खालिङ भाषाको साहित्य,* मातृभाषा साहित्य (१५) शृङ्खला, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

राई, खगेन्द्रबहादुर (२०७०). *किरात राई साम्पाङ चिनारी,* दिप्लुङ-६, कल्पना राई ।

राई, खड्गप्रसाद (२०७०). *माङमालुङ दुमदुमफुक युङ्ला,* (दोस्रो संस्करण), चन्द्रबहादुर माङपाङ राई ।

राई, गणेश वाम्बुले (२०५७). वाम्वुले राईका खाउमो, साकेला सिलीको संक्षिप्त परिचय, *निप्सुङ;* किरात राई यायोक्खा ।

राई, गणेश वाम्बुले (२०६८). *किरात वाम्बुले लोकवार्ता,* वाम्बुले राई साहित्य प्रकाशन ।

राई, जयप्रसाद मुकारुङ (२०५६). *किरात राई वान्तवारिदुम् मुन्दुम्,* जयप्रसाद मुकारुङराई ।

राई, जयप्रसाद मुकारुङ (२०६२). *रिदुम् मुन्दुम्,* (दोस्रो संस्करण, पृ.३४), मे. बालकृष्ण मुकारुङ राई ।

राई, जमुना (२०६६), *किरात जातिमा प्रचलित हाक्पारे गीत,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रष्ठिान ।

राई, तारामणि (२०७१). *साकेल्: कोयी, मिथक, सिली र अनुष्ठान विधिको विश्लेषण* (पृ.३४), कोयी राई समाज ।

राई, तारामणि (सम्पा.) (२०११). *कोयी रिदुम-हदुम* (पृ.१३-१६), किरात कोयी/कोयू राई समाज ।

राई, दिलेन्द्र (२०६०). *वररोपी छाया,* गीति एल्वम, संगीत घर नेपाल ।

राई, दिलेन्द्र (२०६४). *बिनायो बजाउँदै,* गीति एल्वम, धौलागिरी क्यासेट सेन्टर, प्रा. लि. ।

राई, दिलेन्द्र (२०६२). आयानी गीतको साँस्कृतिक परम्परा*, साहित्य र संस्कृतिको लागि समन्वय,* बर्ष-३, तेस्रो अङ्क ।

राई, दिलेन्द्र (२०६३ सावन-पुस). लैबरी, हियारी र ह्रक्पारेः*लोक सँस्कृति,* वर्ष ४, अङ्क २, पूर्णाङ्क ७२, (पृ.७३-७६),नेपाल म्युजिक सेन्टर ।

राई, दिलेन्द्र (२०६३ भदौ). आयानी (हियारी) गीतको गीति साँस्कृतिक परम्परा, *मधुपर्क,* गोरखा पत्र संस्थान ।

राई, दिलेन्द्र मुकारुङ (२०६८). नेपालको सांस्कृतिक पुनर्जागरण अभियानमा हाम्रो सहभागिता, *दोदुम,* वर्ष १२, अङ्क १, किरात राई बान्तवा मुकारुङ सङ्घ ।

राई, दिलेन्द्र मुकारुङ (२०७०). *नियामाबुङ;* रेणुका कोयू राई ।

राई, दिलेन्द्र मुकारुङ्ङ (२०७०). लैबरी, हियारी र ह्रक्पारेः किरात जातिको मौलिक परम्परा, *निप्सुङ;* बैशाख, अङ्क ३३ (पृ.७५), किरात राई यायोक्खा ।

राई, दिलेन्द्र मुकारुङ (२०७०/८/२). जातीय पहिचान सहितको संघीयता, सार्वभौम नेपाली राष्ट्रिय एकता, *द गोर्खाज राष्ट्रिय साप्ताहिक,* बर्ष ३, अंक ४५ ।

राई, दिलेन्द्र मुकारुङ (२०७२/०९/१२). *किरात राई जातिहरूको मौलिक लोक भाकाहरू* (अप्रकाशित लेख) ।

राई, दिलेन्द्र मुकारुङ (२०७५/०१/१५). उभौली चाड र साकेला गीत, *राजधानी दैनिक* ।

राई, दिलेन्द्र मुकारुङ (२०७८). *पूर्वी नेपालको मौलिक लोभाकाहरु,* कमलादी, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

राई, नवराज बर्तमान (२०५३). किरात राई जातिको परम्परागत गीत, *सयपत्री,* २, १: २३-३६ ।

राई, नोवल किशोर (२०६८, पौष). नेपाली भाषिक नीतिः हिजो, आज र भोलि, *आदिवासी जनजाति जर्नल,* अंक ४, (पृ.२७), आदिवासी जनजातिक राष्ट्रिय प्रतिष्ठान ।

राई, परशुराम (२०७२). *पारुसेवा मुन्दुम,* (प्रविण पुमा, सम्पा.), आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, नेपाल ।

राई, पदम (सम्पा.) (२०७५/०७६ का अंकहरु). *बुङ्वाखा,* सान्तप्रसाद राई ।

राई, मित्र (२०७७/०१/२५). *गोठाले दाइ,* मकालु गाउँपालिका-५, लुङदिङ, खुकताक, संखुवासभा । Kirat Rai community Society & Culture. https://fb.watch/6eNVp9Xhof/retrieved on 2077÷01÷25 =

राई, रत्नबहादुर (२०७२). बेहुली भित्रयाउँदा गरिने माङी रिसीया, *रोदुङ रिलुङ हसुङ वया* (पृ.८५), मनि चाम्लिङ राई, चन्द्रबहादु राई, सन्तोष राई ।

राई, राजबहादुर कोयी (२०११ इस/५०७१येले). *कोयी रिदुम-हदुम,* किरात कोयी/कोयू राई समाज ।

राई, रामचन्द (२०६६/०६/०१). *प्राचीन किरातहरुले छाडेका सम्पदाहरु,* (दोस्रो संस्करण), पृ.४८०-५०४) ।

राई, बालकृष्ण मुकारुङ (२०६७). *किरात राई जातिको रीतिविाज,* प्रेमकुमारी मुकारुङ राई ।

राई, बिष्णु (२०७१). *किरात सभ्यता: उधौली/उभौली पर्व मानवशास्त्रीय अध्ययन,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

राई, भक्त (२०७१). *किराती-साङपाङ पहिचानमा लोकगीतको भूमिका,* नेपाली डायस्पोरा वाङ्मय प्रतिष्ठान ।

राई, भक्तबहादुर रुछेन्बुङ (२०७३ फागुन). *किरात राईको साक्खेवा संस्कृति,* दिल्पा साक्खेवा टाङ व्यवस्थापन मूल समिति तथा संरक्षण, सम्बर्धन समन्वय समिति ।

राई, शान्तिराम (२०७२ असार ५). *किरात राईहरुको मौलिक लोकलय र रिसीया मुन्दुम्,* किरात राई सांस्कृतिक कलाकार संघद्वारा आयोजित अन्तरक्रियात्मक विचार गोष्ठीमा प्रस्तुत अवधारणा-पत्र ।

राई, श्यामराज र राई, पदम (२०६८). *सेमुना साकेन्वा लाकछाम,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, सन्तकुमार इसारा (२०५५). *दोवाङदुम साम्कालिङ,* किरात राई यायोक्खा केन्द्रीय कार्य समिति ।

लामा, कुन्साङ (२०६८ पौष). आइ एल ओ महासन्धि १६९, राष्ट्रङ्घीय घोषणपत्र र नेपालका आदिवासी जनजातिहरुको सवाल,*आदिवासी जनजाति जर्नल,* अंक ४, आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान।

लामिछाने, कपिलदेव (२०७७). *लोकसाहित्य सिद्धान्त,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, कल्याण (२०७२ असोज १० आइतबार). *हिमालय टाइम्स,* वर्ष २०, अंक २७३ ।

श्रेष्ठ, श्रीओम (२०७३ मङ्सिर १ बुधबार). भाग्यमानी शताब्दी पुरुष सत्यमोहन जोशी, *गोरखापत्र दैनिक।*

हतुवाली, चन्द्रकुमार (२०६४). *साकेन्वा,* बान्तवा अनुसन्धान प्रतिष्ठान ।

हतुवाली, चन्द्रकुमार (२०६५). *किरात राई जातिभित्रका केही विशेष संस्कृतिहरु* (पृ.४७), वान्तावा अनुसन्धान प्रतिष्ठान र ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान,नेपाल ।

English Section

Kirati Khambu (Rai) Sanskritik Sansthan (Central Committee), *खाल्सा क्षेत्र किरात राईहरुको महान चाड वाढाङमी/पापानी/वाढाङमेट,* Kirat Rai Community, https://www.facebook.com/kiratraicommunityorg, retrieved on (Nov. 9, 2020).

Pradesh Parichaya*, the Official Portal of Government of Province No. 1.* retrieved on (15 Sep, 2020).

Rai, Dilendra (2012). *Transfomative classroom management in school eduction of Nepal* (Unpublished MPhil Dissertation). School of Education, Kathmandu University.

Sharma, Chiranjivi (2058 BS). *Foundation of Education, p. 335-337.* M.K. Publishers & Distribuiters.

प्राथमिक सन्दर्भ श्रोत व्यक्तिहरूको विवरण

आले, कविता, वर्ष ६४, (२०७५), फुएतप्पा-४, डाँडागाउँ, इलाम, हाल ललितपुर, भैसेपाटी ।

चाम्लिङ, भोगीराज (२०७७/०८/२२), हलेसी तुवाचुङ न.पा.-५, बोहेम्मा, खोटाङ ।

जोशी, सत्यमोहन, वर्ष ९९, (२०७४/०४/२७), किरात लोहरुङ राई चिनारीकृति विमोचन कार्यक्रम, कमलादी,काठमाडौँ ।

थुलुङल, एम.बी, वर्ष ३६, (२०७७), ओखलढुङ्गा जिल्ला मानेभन्ज्याङ गाउँपालिका-३, वामद्याल ।

बिक, फासबहादुर, वर्ष ६५, (२०६१-२०६३), लुम्दे-३, इलाम ।

मुकारुङ, पृथ्वीराज (२०७२ पौष १५), व्यक्तिगत कुराकानी, काठमाडौं ।
राई, अष्टबहादुर दुमी, वर्ष ६८, (२०६९/११/२५), किरात राई यायोक्खा माङपा/नाक्छोङ), खोटाङ, बाकशिला ।
राई, उद्धवमनी, वर्ष ५४, (२०७३), छिन्ताङ, धनकुटा ।
राईहरू कपिराज, लाखधन, चयन्द्र, कितापसिं, अमेम्बर, दीपेश, सुजन र घनश्याम (२०७७/०८/२२), हलेसी तुवाचुङ न.पा.-५, बोहेम्मा, खोटाङ ।
राई, काजी, वर्ष २०, (२०२४/०२५), फुएतप्पा-३, कोप्चे, इलाम ।
राई, कान्छा, वर्ष ४०, (२०२९), होक्से, बुधवारे, झापा ।
राई, गणेश वाम्बुले (२०७७/०७/१५), मानेभन्ज्याङ गाउँपालिका वडा नं.६ सोक्मटार, ओखलढुङ्गा ।
राई, गोठमाया, वर्ष ५७, (२०७३), छिन्ताङ, धनकुटा ।
राई, बिष्णुमाया (सुन्दरदिलमाई), वर्ष ५५, (२०५७/०६/२३), हिकुनाम्बा, पाँचथर ।
राई, बिस्णुमाया ताम्ला मुकारुङ, ५७, (२०५९-२०६१), फुएतप्पा-३, इलाम ।
रानाहँछा, चन्द,वर्ष३६, (२०७३), लामाखु, खोटाङ ।
राई, छविरत्न नामराङमा मुकारुङ, बर्ष ६६, (२०४८-२०६१), फुएतप्पा-३, इलाम ।
राई, जंगवीर बाहिङ, वर्ष६८, (२०५७/६/३०), बाँजोगरा-३, पाँचथर ।
राई, जगत मुकारुङ, वर्ष६०, (२०५९-२०६१), फुएतप्पा-३, इलाम ।
राई, जयकुमार, वर्ष५७, (२०७३/१०/०४), याम्खा-७, खोटाङ ।
राई, जनक, वर्ष४०, (२०७३/०४/०४), लफयाङ-५, खोटाङ ।
राई, रासबहादुर, वर्ष७७, (२०७७), हलेसी तुवाचुङ नगरपालिका-१, खर्क बाहुनीडाँडा, खोटाङ ।
राई, राजु एन, वष ३९, (२०७३/०४/२९), वुइपा-२, खोटाङ ।
राई, दिलबहादुर साम्सुहाङ, वर्ष ८५, (२०६१/०२), लुम्दे-३, इलाम ।
राई, धनपाल बेखोङ, वर्ष८६, (२०५७/०६/२१), फुएतप्पा-३, इलाम ।
राई, नरेश नाम्राङछा राई, वर्ष ४५, (२०५७/०६/३०), बाँजोगरा-३, पाँचथर ।
राई, पत्थरसिं कोयू, वर्ष९३, (२०५७-२०६३), मुजुरभिट्टा, तोपगाछि, झापा ।
राई, भक्तबहादुर एवड, वर्ष६५, (२०५३/०९/२४), फुएतप्पा-३, इलाम ।

राई, भीम व. कोयू, वर्ष बर्ष ८३, (२०६२), पाङतुवा, पाँचथर।
राई, मनरत्न नामराङमा चाम्लिङ, बर्ष ८६, (२०५७/०६/३०), बाँजोगरा-३, पाँचथर ।
राई, मनदिलमाया, वर्ष९०, (२०५७-२०६३), मुजुरभिट्टा, तोपगाछी, झापा ।
राई, लालवीर, वर्ष६७, (२०५७/०६/२५-२६), चमैता-५, इलाम ।
राई, सन्तकुमार इसारा, वर्षबर्ष ८०, (२०७२ पौष १५), तोपगाछी, झापा ।
हार्ताम्छाली, नारदमनि (२०७२ मङ्सिर, ०५), साम्पाङ, भोजपुर ।